सिक्किम सरकार

# बजेट २०२६-२०२७

# मुख्यमन्त्री

# एवम्

# प्रभारी मन्त्री

# वित्त विभागद्वारा

# बजेट अभिभाषण

सोमबार, २० जुलाई, २०२६

सिक्किम सरकार

# मुख्यमन्त्री

# एवम्

# प्रभारी मन्त्री

# वित्त विभागद्वारा

# बजेट अभिभाषण

सोमबार, २० जुलाई, २०२६

***माननीय अध्यक्ष महोदय,***

म यहाँ वित्तीय वर्ष २०२६-२७ का लागि सिक्किम सरकारको बजेट प्रस्तुत गर्न उभिएको छु।

प्रारम्भमा, म सिक्किम विधानसभाका माननीय अध्यक्ष महोदय, माननीय उपाध्यक्षा महोदया, मेरा आदरणीय मन्त्रीमण्डलका साथीहरू, यस गरिमामय सदनका माननीय सदस्यहरू र हाम्रो राज्यका आदरणीय जनताप्रति हार्दिक अभिवादन व्यक्त गर्दछु।

नयाँ आर्थिक वर्षको शुरूआत गरिरहँदा, हामी सिक्किमको विकास यात्राको एउटा महत्त्वपूर्ण कोशेढुङ्गामा उभिएका छौं। हाम्रा इष्ट देवी-देउताहरूको आशीर्वादबाट निर्देशित भई तथा कस्तै परिस्थितिलाई पनि सहजतासित लिनसक्ने हाम्रा राज्यवासीको गुण, आकांक्षा र सामूहिक संकल्पबाट प्रेरित भएर हामी समावेशी वृद्धि, दिगो विकास र साझा समृद्धिप्रति नवीन प्रतिबद्धता लिएर यो बजेट प्रस्तुत गर्दै छौं।

यो बजेट केवल लेन-देनको विवरणमात्र होइन। यो भविष्यको एक दृष्टिकोण हो। यो सिक्किम रूपान्तरणको आगामी चरणका लागि मार्गचित्र पनि हो। यसले **एक सुनौलो, समृद्ध अनि समर्थ सिक्किम** निर्माण गर्ने सरकारको अटल संकल्पलाई पुन: दोहोऱ्याउँदछ, जहाँ प्रत्येक नागरिकसँग आफ्ना आकांक्षाहरू साकार पार्ने र राज्यको निरन्तर प्रगतिमा योगदान पुऱ्याउने अवसर हुनेछ।

हाम्रो राज्यले भर्खरै एउटा ऐतिहासिक कोशेढुङ्गा पार गरेको छ। १६ मई २०२५ ले सिक्किम राज्य गठनको ५० वर्ष पूरा भएको अवसरलाई अङ्कित गरेको छ। यस अवसरले हाम्रो इतिहासको एउटा महत्त्वपूर्ण अध्यायको स्मरण गराउँ छ, जब सिक्किम महान भारतीय संघको २२औं राज्य बनेको थियो।

राज्य गठनले हाम्रा जनताका लागि अभूतपूर्व अवसरहरू सिर्जना गऱ्यो। हाम्रा लोकतान्त्रिक संस्थाहरूलाई सशक्त बनायो, सामाजिक-आर्थिक विकासलाई गति दियो र हाम्रा विशिष्ट पहिचान एवम् धरोहरहरूलाई संरक्षण गर्दै सिक्किमलाई राष्ट्रिय मूल धारामा समाहित गऱ्यो।

स्वर्ण जयन्ती उत्सवले विगत ५ दशकमा सिक्किमले गरेको उल्लेखनीय यात्राको स्मरण गर्ने र भविष्यका लागि हाम्रा आकांक्षाहरू प्रति पुनः प्रतिबद्ध रहने एउटा अमूल्य अवसर प्रदान गरेको छ। यस ऐतिहासिक कोशेढुङ्गालाई स्मरण गर्ने उत्सवमा हामीसँग जोडिनु भएका थुप्रै प्रतिष्ठित राष्ट्रिय नेताहरूको उपस्थिति र समर्थनबाट हामी अत्यन्तै सम्मानित भयौं।

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीद्वारा स्वर्ण जयन्ती समारोहको उदघाटन गर्न सहर्ष सहमति जनाउनु सिक्किमवासीका लागि अत्यन्त गर्वको विषय थियो। तथापि, सिक्किम आउने क्रममा उहाँ बागडोगरा विमानस्थल सम्म आउनुभए तापनि, प्रतिकूल मौसमका कारण उहाँको यात्रा गन्तव्य सम्म आइपुग्न सकेन। यसका बाबजूद, माननीय प्रधानमन्त्रीजीले उदघाटन समारोहलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुभयो। उहाँले सिक्किमका जनतालाई एक हृदयस्पर्शी भावका साथ समापन समारोहमा व्यक्तिगत रूपमा सहभागी हुनेछु भनेर आश्वस्त पार्नुभयो।

आफ्नो वचनप्रति अडिग रहँदै, माननीय प्रधानमन्त्रीजीले त्यो वाचा पूरा गर्नुभयो र भव्य समापन समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाउनुभयो। उहाँको यो भ्रमण सिक्किम र यहाँका जनताप्रति उहाँको स्नेहको एक आत्मीय प्रमाण हो। यसले हाम्रो स्वर्ण जयन्ती समापन समारोहलाई झन अविस्मरणीय र अर्थपूर्ण बनायो।

सभालाई सम्बोधन गर्नुहुँदै माननीय प्रधानमन्त्रीजीले सिक्किमको अभूतपूर्व प्राकृतिक सौन्दर्यको प्रशंसा गर्नुभयो। सिक्किमको स्वच्छता र पर्यावरण

संरक्षणको क्षेत्रमा राज्यले हासिल गरेका उपलब्धिहरूको सराहना गर्नुहुँदै सिक्किमवासीलाई प्रकृतिको वास्तविक संरक्षकका रूपमा वर्णन गर्नुभयो। उहाँले देशभरिका नागरिकहरूलाई सिक्किम भ्रमण गर्न र यहाँका मनमोहक प्राकृतिक परिदृश्य, समृद्ध सांस्कृतिक धरोहर तथा दिगो विकासका अनुकरणीय नमूनाको अनुभव लिन प्रोत्साहित गर्नुभयो।

विशेषगरी, माननीय प्रधानमन्त्रीजी २,००० भन्दा धेरै कलाकारहरूद्वारा एकैसाथ विविधतामा एकताको प्रतीक एक भव्य झाँकी प्रस्तुत गरेको शानदार **"थाउजन्ड् स्टेप्स अफ युनिटी"** प्रदर्शनबाट निकै प्रभावित हुनुभएको थियो। यस प्रस्तुतीलाई भारतीय राष्ट्रिय भावनाको साँचो प्रतिबिम्बका रूपमा वर्णन गर्दै, उहाँले यस प्रदर्शनले राष्ट्रको सांस्कृतिक विविधता र सौहार्दपूर्ण सहअस्तित्वमा रहेको यसको अटल शक्तिलाई सुन्दर ढंगले प्रस्तुत गरेको उल्लेख गर्नुभयो।

उहाँको गरिमामयी उपस्थिती, प्रेरणादायी शब्दहरू र सिक्किम प्रतिको अटल स्नेहले यस अवसरलाई गर्वबोध, नयाँ आत्मविश्वास र देशभक्तिको भावनाले भरिदियो। यो वास्तमवमैं राज्यको स्वर्ण जयन्ती समारोहको ऐतिहासिक क्षण थियो।

हाम्रो प्रिय राज्यलाई राष्ट्रिय नेताहरूको भ्रमणले पनि अझ सम्मानित तुल्यायो। ५१औं राज्य स्थापना दिवसको अवसरमा भारतका माननीय उपराष्ट्रपति श्री सी. पी. राधाकृष्णन तथा पूर्वोत्तर क्षेत्र विकास मन्त्रालयका माननीय केन्द्रीय मन्त्री श्री ज्योतिरादित्य एम. सिन्धियालाई स्वागत गर्ने अवसर पाउँदा हामी गौरवान्तित बन्यौं।

भारतकी माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूको सिक्किम भ्रमण हाम्रा लागि अर्को गौरवको क्षण थियो। उहाँले उत्कृष्ट सेवाको सम्मान स्वरूप सिक्किम

प्रहरीलाई प्रतिष्ठित **"प्रेसिडेन्टन्स् कलर"** सम्मान प्रदान गर्नुभयो। उहाँको भ्रमणका क्रममा सिक्किमलाई आधिकारिक रूपमा **केन्द्र सरकारको उल्लास नवभारत साक्षरता कार्यक्रमअन्तर्गत पूर्ण साक्षर राज्य** घोषित गरियो। यो हाम्रो विकास यात्राको अर्को ऐतिहासिक उपलब्धि हो। माननीय राष्ट्रपति महोदयाले महिलाहरूका लागि सुरक्षित, सहज र सम्मानजनक सार्वजनिक यातायात सेवा उपलब्ध गराउने उद्देश्यले शुरु गरिएको **आमा दिदी बहिनी पिङ्क बस सेवा**-को पनि शुभारम्भ गर्नुभयो।

यस सम्मानित सदन र सिक्किमका जनताको तर्फबाट, म सिक्किम प्रहरी र शिक्षा विभागलाई यी ऐतिहासिक उपलब्धिका लागि हार्दिक बधाई दिँदछु। यी उपलब्धिहरू सार्वजनिक सेवामा समर्पण र उत्कृष्टताको प्रेरणादायी उदाहरण हुन्।

हाम्रा लागि अर्को गौरवमयी उपलब्धी भनेको सिक्किमको न्यायपालिका **भारतको पहिलो कागजरहित न्यायपालिका** घोषित हुनु हो। प्रविधि र न्यायिक शिक्षासम्बन्धी सम्मेलनमा भारतका माननीय मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्तले सिक्किमलाई देशकै पहिलो कागजरहित न्यायपालिका भएको राज्य घोषित गर्नुभयो। यस सम्मेलनमा भारतका माननीय महा न्यायाअधिवक्ता श्री आर. भेङ्कटरमणी, सेशेल्सको सर्वोच्च न्यायलयका माननीय प्रधान न्यायाधीश न्यायमूर्ति रोनी जेम्स गोभिन्डेन, भारतको सर्वोच्च न्यायालयका माननीय न्यायाधीशगण, देशका विभिन्न उच्च न्यायालयका माननीय मुख्य न्यायाधीशगण लगायत धेरै विशिष्ट व्यक्तित्वहरूको उपस्थितिले सम्मेलनलाई गरिमामय बनायो।

यो सम्मानित सदन र सिक्किमवासीका तर्फबाट, यस ऐतिहासिक स्वर्ण जयन्ती वर्षमा हाम्रो राज्यको भ्रमण गर्नुहुने सबै सम्मानित अतिथिहरूप्रति म हार्दिक आभार व्यक्त गर्दछु। उहाँहरूको गरिमामयी उपस्थिती, प्रशंसा र

प्रेरणादायी शब्दहरूले सिक्किमको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्ठा अझ बढाएको छ। यसले हाम्रो पर्यटन क्षेत्रलाई ठूलो प्रोत्साहन दिएको छ र दिगो विकास तथा समृद्धिप्रतिको हाम्रो साझा संकल्पलाई अझ सुदृढ़ बनाएको छ।

यी उच्चस्तरीय भ्रमणहरूको सफल आयोजना, व्यवस्थापन र सञ्चालनमा योगदान पुऱ्याउनुहुने राज्य सरकारका सबै अधिकारी तथा कर्मचारी, प्रहरी, सुरक्षा निकाय र अन्य सबैप्रति म हार्दिक प्रशंसा एवम् आभार व्यक्त गर्दछु। उहाँहरूको अटल समर्पण, असल समन्वय र उत्कृष्ट कार्यशैलीका कारण समयको चुनौती हुँदाहुँदै पनि सबै कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भए। यसले सिक्किमलाई गर्वित बनाउँदै सम्मान र पहिचान दिलाएको छ।

***माननीय अध्यक्ष महोदय,***

स्वर्ण जयन्ती समारोहको स्थायी सम्झनास्वरूप हामीले **स्वर्ण जयन्ती मैत्रेय मञ्जरी** स्थापित गऱ्यौं। यसको भर्चुअल उदघाटन माननीय प्रधानमन्त्री महोदयले वर्षव्यापी स्वर्णजयन्ती समारोह शुभारम्भको अवसरमा गर्नुभयो। रिज पार्कमा स्थापित २६-फुट अग्लो ताँबाको स्मारकले सिक्किमको भारतमा एकीकरणको ५ दशक लामो प्रगति र समृद्ध सांस्कृतिक सम्पदालाई दर्शाउँदछ। यस परिसरमा रहेको अत्याधुनिक सुनाखरी उद्यानमा १०० भन्दा धेरै स्थानीय तथा विदेशी प्रजातिका सुनाखरीले सिक्किमको उल्लेखनीय जैविक विविधता र संरक्षणप्रतिको प्रतिबद्धतालाई दर्शाउँदछन्। माननीय प्रधानमन्त्री महोदयले समापन समारोहको अवसरमा आफ्नो निर्धारित कार्यक्रम भन्दा लगभग ४५ मिनट अधिक समय उद्यान अवलोकन गर्दै यहाँको सुन्दरताको खुलेर प्रशंसा गर्नुभयो। उहाँले विशेषगरी सुनाखरी उद्यानमा प्रदर्शित विभिन्न थरिका सुनाखरीको सङ्कलन र दुर्लभ प्रजातिहरूको आनन्द लिनुभयो।

यस ऐतिहासिक कोशेढुङ्गालाई अविस्मरणीय बनाउन सरकारद्वारा **स्वर्णजयन्ती एकीकृत खेलकूद तथा सांस्कृतिक गाउँ** एवम् **स्वर्णजयन्ती अत्याधुनिक सम्मेलन केन्द्र** निर्माणजस्ता दुई नयाँ पहल प्रस्तावित छन्।

**स्वर्ण जयन्ती एकीकृत खेलकूद तथा सांस्कृतिक गाउँ**-मा फिफा मापदण्ड अनुसारको अत्याधुनिक फुटबल रङ्गशाला, खेलकूद तथा सांस्कृतिक गतिविधिका लागि ट्रयाक एण्ड फिल्ड सहितको अर्को रङ्गशाला, सम्पर्कयुक्त र सम्पर्करहित खेलका लागि २ वटा इन्डोर रङ्गशाला तथा खेल चिकित्सा एकाई, प्रशिक्षण संस्थान र छात्रावाससहित आवासीय सुविधायुक्त उच्चस्तरीय खेल प्रदर्शन केन्द्र निर्माण गरिनेछ। सिक्किमे युवाहरूमा रहेको प्रतिभाको अपार सम्भावनालाई अझ निखार्न र उजागर गर्न तयार पारिएको यस एकीकृत केन्द्रले खेलकूदमा उत्कृष्ट प्रदर्शनका निम्ति प्रेरणास्रोतका रूपमा काम गर्नेछ। सिक्किमको प्राकृतिक उच्च हिमाली भू-भागको विशेषतालाई सदुपयोग गर्दै यस परियोजनाले क्षेत्रीय तथा राष्ट्रिय दुवै स्तरमा खेलकूद विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

**स्वर्णजयन्ती अत्याधुनिक सम्मेलन केन्द्र** र यसका आवश्यक सुविधाहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रम सञ्चालन गर्न सकिने विश्वस्तरीय स्थलको रूपमा निर्माण गर्ने लक्ष्य राखिएको छ। बैठक, प्रोत्साहन कार्यक्रम, सम्मेलन तथा प्रदर्शनी (एम.आई.सि.ई.) आयोजना गर्ने उद्देश्यले तयार पारिएको यस केन्द्रले विवाह गन्तव्य लगायत विशिष्ट तथा ऐतिहासिक महत्त्वका समारोहहरूको आयोजना गर्न आवश्यक विश्वस्तरीय सुविधा पनि उपलब्ध गराउनेछ।

यस रूपान्तकारी पहलले सिक्किमलाई बैठक, प्रोत्साहन कार्यक्रम, सम्मेलन तथा प्रदर्शनी एवम् विवाह गन्तव्यको रूपमा स्थापित गर्नेछ। यसबाट गुणस्तरीय पर्यटन आकर्षित हुने, रोजगारीका अवसर बढ्ने, स्थानीय

व्यवसायलाई टेवा पुग्ने तथा व्यापार, मनोरञ्जन र विवाह गन्तव्य पर्यटनका लागि विश्वस्तरमा प्रतिस्पर्धा गर्नसक्ने स्थलका रूपमा राज्यको पहिचान बढ्नेछ।

यी परियोजनाहरू आगामी २ देखि ३ वर्षभित्र पूरा हुनेछन् र स्वर्ण जयन्ती उत्सवको स्थायी प्रतीक बनेर राज्यको सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउनेछन् भन्ने कुरामा हामी विश्वस्त छौं।

***माननीय अध्यक्ष महोदय,***

यस ऐतिहासिक अवसरमा म हाम्रा अतिप्रिय एवम् माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीलाई राष्ट्रको इतिहासमा निर्वाचित सरकारका सबैभन्दा लामो समयसम्म नेतृत्व गर्ने सरकार प्रमुख बन्नुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

२२ मार्च २०२६ का दिन माननीय प्रधानमन्त्रीजीले यो ऐतिहासिक उपलब्धि हासिल गर्दै देशको इतिहासमा आफ्नो नाम दर्ता गर्नुभयो। यस उपलब्धिले भारतीय जनताले उहाँको सक्षम नेतृत्वमाथि राखेको गहिरो विश्वास, आस्था र भरोसालाई स्पष्ट रूपमा दर्शाउँदछ।

राष्ट्र सेवामा २४ वर्षभन्दा अधिक समयसम्म निरन्तर र अथकरूपमा समर्पित उहाँको सार्वजनिक जीवनले लोकतन्त्रप्रतिको निरन्तर प्रतिबद्धता, राजनीतिक स्थिरता तथा भारतको प्रगति र समृद्धिप्रतिको अटल समर्पणलाई स्पष्टतासित दर्शाउँदछ।

उहाँको नेतृत्वको हरेक क्षण राष्ट्र सेवा र जनहितका लागि समर्पित छ। यसले राष्ट्रसेवालाई सबैभन्दा ठूलो कर्तव्य ठान्ने एक कर्मयोगीको भावनालाई साँचो अर्थमा झल्काउँदछ।

१० जून २०२६ का दिन माननीय प्रधानमन्त्रीजी सबैभन्दा लामो समयसम्म पदासीन भारतका निर्वाचित प्रधानमन्त्री बन्नुभयो र पण्डित जवाहरलाल नेहरूको ४,३९८ दिनको कार्यकालको कीर्तिमान पार गर्दै अर्को ऐतिहासिक उपलब्धि हासिल गर्नुभयो। २६ मई २०१४ मा पहिलोपल्ट प्रधानमन्त्री बन्नुभएपछि उहाँले देशका निर्वाचित प्रधानमन्त्रीको रूपमा लगातार ४,३९९ दिन पूरा गर्दै यो कीर्तिमान पार गर्नुभयो। यसले उहाँको निरन्तर नेतृत्व र राष्ट्र सञ्चालनप्रति जनताले राखेको अटल विश्वासलाई प्रमाणित गरेको छ।

सिक्किमवासीको तर्फबाट म माननीय प्रधानमन्त्रीजीलाई **विकसित भारत** र **आत्मनिर्भर भारत**को सपना साकार पार्न उहाँले गरिरहनुभएको निरन्तर नेतृत्वका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

***माननीय अध्यक्ष महोदय,***

यस वर्ष, सोरेङ र पाकिमका नवस्थापित नगरपालिकासहित राज्यका सबै ९ वटा शहरी स्थानीय निकायहरूमा आम नगर चुनाउ सफलतापूर्वक सम्पन्न गरियो। शहरी स्थानीय निकायका ६४ आसन मध्ये ६३ वटामा भएको चुनाउमा अभूतपूर्व रूपमा ६२ जना उम्मेदवार निर्विरोध निर्वाचित बने।

शहरी स्थानीय शासनमा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढेको छ, जहाँ ३५ जना महिला पार्षद निर्वाचित भएका छन् भने सिक्किमको इतिहासमै पहिलोपल्ट गान्तोक नगर निगमको मेयर पदमा एक महिला उम्मेदवार निर्वाचित हुनुभएको छ। यो ऐतिहासिक उपलब्धिले समावेशी, सहभागितामूलक र उत्तरदायी सुशासनप्रति सरकारको अटल प्रतिबद्धताका साथै सार्वजनिक जीवनमा महिलाको नेतृत्वलाई अघि बढाउने सरकारको संकल्पलाई स्पष्ट रूपमा दर्शाएको छ।

जनताले दिएको अत्याधिक जनादेशले लोकतान्त्रिक प्रक्रियाप्रति उनीहरूको गहिरो विश्वासलाई प्रमाणित गर्न साथै सहमति, सहकार्य र राजनीतिक परिपक्वताले परिचित हाम्रो राज्यको विशेषतालाई पनि उजागर गरेको छ।

यस सम्मानित सदनको तर्फबाट म राज्य निर्वाचन आयोग, सम्पूर्ण निर्वाचन अधिकारीहरू, जिल्ला प्रशासन, सुरक्षा निकाय, राजनीतिक दलहरू, उम्मेदवारहरू तथा सबैभन्दा बढी नगरपालिकाको निर्वाचनलाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र सफल बनाउन सक्रिय सहभागिता, सहयोग र प्रतिबद्धता जनाउने सिक्किमका सम्पूर्ण जनताप्रति हार्दिक बधाई ज्ञापन गर्दछु।

***माननीय अध्यक्ष महोदय,***

माननीय केन्द्रीय वित्त मन्त्रीद्वारा प्रस्तुत केन्द्रीय बजेट २०२६-२७ ले **युवा शक्ति-**को सदुपयोग, आर्थिक विकासलाई तीव्र बनाउने, सुशासनलाई सुदृढ गर्ने तथा सबैलाई समेट्ने विकासलाई प्राथमिकता दिँदै ***विकसित भारत@२०४७*** को लक्ष्य हासिल गर्ने स्पष्ट मार्ग तय गरेको छ।

बजेटले **गरीब कल्याण,** पूर्वाधार निर्माण, ऊर्जा सुरक्षा, जलवायु परिवर्तनबाट जोगिने क्षमता र वित्तीय अनुशासनलाई निरन्तर प्राथमिकता दिएको छ, जसले सन्तुलित र दूरदर्शी विकास रणनीतिलाई झल्काउँदछ। सडक, रेलमार्ग, यातायात, डिजिटल सम्पर्क र क्षेत्रीय पूर्वाधार विकासमाथि दिइएको विशेष जोड सिक्किमजस्ता भौगोलिक रूपमा संवेदनशील र रणनीतिक दृष्टिले महत्त्वपूर्ण राज्यका लागि अत्यन्त महत्त्वपूर्ण छ।

पीएम-डिभाइन, पूर्वोत्तर विशेष पूर्वाधार विकास योजना तथा सम्पर्क, पूर्वाधार र सार्वजनिक सेवालाई अझ सुदृढ़ बनाउने अन्य पहलमार्फत उत्तरपूर्वी क्षेत्रलाई निरन्तर प्राथमिकता दिइएको देखेर म विशेष रूपमा उत्साहित भएको छु। सिक्किम र उत्तरपूर्वका अन्य राज्यलाई समेट्ने समर्पित **बुद्धिस्ट सर्किट**

**योजना**को घोषणा हुनु धेरै महत्त्वपूर्ण कुरा हो। यसले सांस्कृतिक पर्यटनलाई बढावा दिने, हाम्रो समृद्ध बौद्ध सम्पदाको जगेर्ना गर्ने र मानिसहरूका लागि रोजगारी तथा जीविकोपार्जनका नयाँ अवसर सिर्जना गर्नेछ।

बजेटमा पहाडी कृषि, उच्च मूल्यका फसल, उत्पादनपछिको पूर्वाधार र प्रौद्योगिकी आधारित खेतीलाई दिएको प्राथमिकताले सिक्किमको जैविक खेतीलाई अझ सुदृढ़ बनाउनेछ। त्यसैगरी, पूर्वोत्तरमा स्वास्थ्य सेवा, सामाजिक पूर्वाधार र शिक्षाका अवसरलाई अझ राम्रो बनाउने कुरामाथि दिइएको जोड़ हाम्रो राज्यको विकासका प्राथमिकतासित पूर्ण रूपमा मेल खाँदछ।

सिक्किमको विकासमा निरन्तर सहयोग गर्दै आएकोमा म भारत सरकार तथा केन्द्रीय वित्त मन्त्रालयप्रति हार्दिक आभार व्यक्त गर्दछु।

***माननीय अध्यक्ष महोदय***,

केन्द्रीय बजेटमा उल्लेख गरिएका राष्ट्रिय प्राथमिकताहरू सिक्किमको विकासका आकाङ्क्षासँग मेल खान्छन् र विगत ५ दशकदेखि राज्यले अवलम्बन गर्दै आएको विकासको दिशालाई अझ बलियो बनाउँछन्। यस बलियो आधारलाई विकसित गर्दै अब हामी नयाँ उत्साह र सङ्कल्पका साथ सिक्किमलाई सक्षम, समावेशी र भविष्यका लागि तयार अर्थतन्त्रतर्फ अझ तीव्र गतिमा अघि बढाउने लक्ष्य लिएर अगाडि बढ़िरहेका छौं।

हामीले विगत ५० वर्षका उपलब्धिहरूको उत्सव मनाउँदै गर्दा अब आउने दशकहरूका अवसरहरूको सदुपयोग गर्न र चुनौतीहरूको सामना गर्न हामीले आफूलाई तयार गर्नुपर्छ। निरन्तर बढ़्दो गतिशील र प्रतिस्पर्धात्मक दुनियाँमा सरकारको भूमिका केवल सेवा प्रदान गर्नमा सीमित नरहेर नवप्रवर्तन, निवेश र स्थायी समृद्धिलाई प्रोत्साहन गर्ने सक्षमकर्ता, सहजीकरणकर्ता, नियामक तथा उत्प्रेरकका रूपमा विकास हुनुपर्छ।

हामी निजी क्षेत्रको विकासका लागि अनुकूल वातावरण सिर्जना गर्दै सार्वजनिक निवेशलाई निरन्तरता दिनेछौं। शासन व्यवस्थालाई पारदर्शी, जवाफदेही तथा तथ्य र तथ्याङ्कमाथि आधारित निर्णय प्रक्रियाद्वारा सञ्चालित गर्नेछौं।

**सुनौलो, समृद्ध अनि समर्थ सिक्किम**-को हाम्रो सोंच र माननीय प्रधानमन्त्रीजीको **विकसित भारत@२०४७** को दृष्टिबाट प्रेरणा लिएर हामी समृद्ध, समानता र पर्यावरणमैत्री राज्य निर्माणमा दृढ़ताका साथ निरन्तर अघि बढ़िरहनेछौं। हाम्रा प्राथमिकताहरू गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, अत्याधुनिक पूर्वाधार, टिकाउ जीविकोपार्जन, महिला सशक्तीकरण, उद्यमशीलता विकास तथा युवाहरूका लागि थप अवसर सिर्जना गर्नमा केन्द्रित रहनेछन्। यसका साथै, विकासको लाभ समाजका सबै वर्ग र राज्यका प्रत्येक क्षेत्रमा समानरूपमा पुगोस् भन्ने सुनिश्चित गरिनेछ।

***माननीय अध्यक्ष महोदय,***

अब म यहाँ राज्यको वित्तीय व्यवस्थाको विवरण प्रस्तुत गर्नेछु।

सिक्किम भारतका सबैभन्दा प्रगतिशील राज्यहरूमध्ये एकका रूपमा स्थापित भएको छ। पहाड़ी भू-भाग र यातायात सम्बन्धी कठिनाइ हुँदाहुँदै पनि यस राज्यले दृढ़ नेतृत्व, सही नीति र जनमुखी शासनबाट उत्कृष्ट परिणाम हासिल गर्न सकिन्छ भन्ने कुरा निरन्तर प्रमाणित गर्दै आएको छ। भारतीय गणराज्यमा विलयपछि विगत ५ दशकमा सिक्किमले आर्थिक विकास र जनताको जीवनस्तर सुधार दुवै क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ।

विगत ८ वर्षमा सिक्किमले वास्तविक कुल राज्य घरेलु उत्पादन (जि.एस.डि.पि.) मा औसत १२.६ प्रतिशतभन्दा अधिक वृद्धि हासिल गरेको छ। यो देशका अन्य राज्यहरूको औसत वृद्धि दरभन्दा लगभग २ प्रतिशत अधिक

हो। सिक्किमको अर्थतन्त्रमा आएको परिवर्तन निकै उल्लेखनीय रहेको छ। भारतसँग एकीकरणपछि लगभग साढ़े तीन दशकसम्म सिक्किमको प्रतिव्यक्ति कुल राज्य घरेलु उत्पादन (जि.एस.डि.पि.) राष्ट्रिय औसतभन्दा कम रहे पनि त्यसपछि राज्यले उल्लेखनीय आर्थिक प्रगति हासिल गरेको छ। आज सिक्किमको प्रतिव्यक्ति कुल जि.एस.डि.पि. राज्य घरेलु उत्पादन राष्ट्रिय औसतको ३ गुणा अधिक रहेको छ, जसका कारण यो देशकै सबैभन्दा उच्च प्रतिव्यक्ति जि.एस.डि.पि. भएको राज्य बनेको छ।

यस आर्थिक विकासको लाभ हाम्रा राज्यवासीको जनजीवनमा स्पष्ट रूपमा देखिएको छ। हालैका सर्वेक्षणहरूले देखाएअनुसार यहाँका परिवारहरूको व्यय क्षमता देशकै उच्चमध्ये एक छ तथा गरीबी पनि उल्लेखनीय रूपमा घटेको छ। राष्ट्रिय अर्थतन्त्रमा सिक्किमको योगदान पनि निरन्तर बढ्दै गएको छ। १९८०-८१ मा भारतको कुल आम्दानीमा केवल ०.०४ प्रतिशत रहेको सिक्किमको योगदान २०२४-२५ मा बढ़ेर लगभग ०.२० प्रतिशत पुगेको छ।

मानव विकासका क्षेत्रमा पनि सिक्किमले उल्लेखनीय प्रगति गरेको छ। १९८० को दशकको शुरूमा मानव विकासको हिसाबले पछि परेका राज्यहरूमध्ये पर्ने सिक्किम आज मानव विकास सूचकाङ्कको आधारमा देशका अग्रणी राज्यहरूमध्ये एक बनेको छ।

***माननीय अध्यक्ष महोदय,***

सिक्किम आगामी वर्षहरूमा आर्थिक वृद्धि र मानव विकासलाई अझ तीव्र बनाउने सशक्त अवस्थामा पुगेको छ। उत्पादन उद्योग र जलविद्युत क्षेत्रको बलियो आधारले सिक्किमको अर्थतन्त्रलाई मध्यम आय भएका अर्थतन्त्रहरूको अवस्थाको हाराहारीमा पुऱ्याएको छ। यी सबल पक्षहरूलाई आधार बनाएर हाम्रो सरकारले सिक्किमलाई देशकै सबैभन्दा तीव्र गतिमा विकास गर्ने अर्थतन्त्रमध्ये

एक बनाउने लक्ष्य लिएको छ। सबै नागरिकले सहज, सुलभ र जनमुखी सार्वजनिक सेवा प्राप्त गरून भन्ने सुनिश्चित गरिनेछ।

**विकसित सिक्किम@२०४७** को परिकल्पनाले राज्यको अर्थतन्त्रलाई उल्लेखनीय रूपमा विस्तार गर्दै जनताको समृद्धि बढ़ाउने र प्रत्येक नागरिकलाई उच्चस्तरीय जीवन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। यो लक्ष्य पूरा गर्न राज्यले प्रत्येक वर्ष जि.एस.डि.पि.-मा औसत १३ प्रतिशतभन्दा अधिक वृद्धि दर कायम राख्न आवश्यक पर्नेछ। यो हाम्रो वर्तमान विकास दरभन्दा १ प्रतिशतदेखि कमको सामान्य वृद्धि मात्र हो। त्यसैले, सुशासन, योजनाबद्ध निवेश र जनताको सामूहिक प्रयासबाट यो लक्ष्य यथार्थपरक र प्राप्त गर्न सकिने छ।

२०४७ सम्म विकसित र समृद्ध सिक्किम बनाउने हाम्रो लक्ष्य निश्चय नै ठूलो भए तापनि हासिल गर्न सकिने अवस्थामा छ। राज्यको प्रभावशाली विकास यात्रा र नयाँ चुनौतीहरूको सामना गर्न नयाँ सोंच अपनाउने, आफूलाई परिवर्तन गर्ने तथा प्रभावकारी रूपमा अघि बढ्ने क्षमताले यो लक्ष्य हासिल गर्न सकिन्छ भन्ने हामीलाई विश्वास दिलाएको छ।

***माननीय अध्यक्ष महोदय,***

अब म आर्थिक वृद्धि, संसाधन परिचालन र वित्तीय व्यवस्थापनमा हासिल गरिएका प्रगतिहरूलाई समेटिएको हाम्रो राज्यको वित्तीय विवरण उल्लेख गर्दछु।

वर्तमान मूल्यमा सिक्किमको कुल राज्य घरेलू उत्पादन (जि.एस.डि.पि.) वर्ष २०२६-२७ मा ₹६२,९७३ करोड़ हुने अनुमान गरिएको छ। यो वृद्धि वर्ष २०१८-१९ मा ₹२८,४०२ करोड़को जि.एस.डि.पि-भन्दा १२१ प्रतिशत अधिक

हो। यस वृद्धिले हाम्रो अर्थतन्त्रको मजबूती र विकासका लागि अनुकूल वातावरण बनाउन सरकारले गरिरहेको निरन्तर प्रयासलाई दर्शाउँदछ।

यो विकासको गतिलाई समर्थन गर्न सार्वजनिक व्ययमा ठूलो वृद्धि गरिएको छ। वित्त वर्ष २०२६-२७ को बजेट अनुमानअनुसार कुल व्यय ₹१८,४५५ करोड़भन्दा अधिक हुने अपेक्षा गरिएको छ, जबकि वर्ष २०१८-१९ मा यो ₹६,९४० करोड़ थियो। सबैभन्दा महत्त्वपूर्ण कुरा, उत्पादनशील सम्पत्ति निर्माण गर्ने र दीर्घकालीन विकासको आधार बलियो बनाउने पूँजीगत व्यय वर्ष २०२६-२७ मा ₹५,८९६ करोड़भन्दा अधिक हुने अनुमान गरिएको छ। जबकि, वर्ष २०१९-२० मा यो व्यय ₹७२०.६१ करोड़ थियो।

सार्वजनिक निवेशमा भएको यो उल्लेखनीय विस्तार राज्यको आफ्नै आम्दानीमा वृद्धि, सावधानीपूर्वक गरिएको वित्तीय व्यवस्थापन तथा बाहिरबाट सहयोग प्राप्त परियोजनाहरू, पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय र भारत सरकारको वित्त मन्त्रालयबाट थप स्रोत जुटाउन सफल भएका कारण सम्भव भएको हो। परियोजनाहरू समयमै पूरा गर्न हामीले जोड़ दिएकाले राज्यलाई कार्यसम्पादनमा आधारित वित्तीय सहयोग प्राप्त गर्न र विभिन्न क्षेत्रमा पूर्वाधार निर्माणलाई अझ बलियो बनाउन सहयोग पुगेको छ।

**सिक्किमले हासिल गरेको सफलताले हाम्रो सरकारद्वारा सुधारको दिशामा गरेका प्रतिबद्धता र प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापनलाई दर्शाउँदछ।** हामीले भारत सरकारको वित्त मन्त्रालयअन्तर्गतको व्यय विभागद्वारा निर्धारित विभिन्न सुधारका उपायहरू सफलतापूर्वक लागू गरेका छौं। यसमा शहरी सुधार, ग्रामीण तथा शहरी क्षेत्रसँग सम्बन्धित भूमि सुधार, एस.एन.ए.-स्पर्श-को कार्यान्वयन र पूँजीगत व्ययमा निरन्तर वृद्धिजस्ता सुधारहरू समावेश छन्। यी सुधारहरूले शासन व्यवस्थालाई

सुदृढ़ गरेका छन्, सेवा प्रवाहमा सुधार गरेका छन् र राज्यलाई थप वित्तीय सहयोग प्राप्त गर्न सक्षम बनाएका छन्।

**यस अवसरमा, निर्दिष्ट सुधारका पहलहरू कार्यान्वयन गर्ने संलग्न सबै विभाग र अधिकारीहरूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।** उहाँहरूको प्रतिबद्धता र सामूहिक प्रयासले सिक्किमलाई सुधारका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्न र पूँजीगत निवेशका लागि थप महत्त्वपूर्ण संसाधनहरू प्राप्त गर्न सक्षम बनाएको छ। राज्यको वित्तीय र शासन व्यवस्थालाई अझ सुदृढ़ बनाउन उहाँहरूले पुऱ्याउनुभएको महत्त्वपूर्ण योगदानका लागि सरकार आभार व्यक्त गर्दछ।

***माननीय अध्यक्ष महोदय,***

सिक्किमको अर्थतन्त्रको संरचना देशको समग्र अर्थतन्त्र भन्दा निक्कै फरक छ। उत्पादन उद्योग र जल विद्युतले नेतृत्व गरेको दोस्रो क्षेत्रले सिक्किमको सकल राज्य घरेलु उत्पादको आधा भन्दा धेरै अंश ओगटे पनि रोजगारी भने अझै कृषि क्षेत्रमा केन्द्रित रहेको छ। यद्यपि, कृषिले आर्थिक उत्पादनमा थोरै मात्र योगदान पुऱ्याउँछ, यसले अझै पनि ठूलो संख्यामा मानिसहरूलाई रोजगारी प्रदान गरिरहेको छ। यसको विपरीत, उत्पादन उद्योग, विद्युत् उत्पादन र निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूको संख्या तुलनात्मक रूपमा कम छ। यस संरचनात्मक असन्तुलनलाई कम गर्नु हाम्रो विकास रणनीतिको मुख्य आधार हुनेछ। यसका लागि कृषि उत्पादनशीलता बढ़ाउने, मूल्य अभिवृद्धि गर्ने, विविधिकरण गर्ने तथा उद्योग र सेवा क्षेत्रमा गुणस्तरीय रोजगारीका अवसरहरू सिर्जना गर्ने काम गरिनेछ।

यी वास्तविकताहरूलाई ध्यानमा राख्दै, सरकारले आगामी वर्षहरूमा अर्थतन्त्रका उत्पादनशील क्षेत्रहरूलाई सुदृढ़ गर्ने, पूर्वाधार र सम्पर्क सञ्जाल सुधार गर्ने, मानव संसाधनमा निवेश गर्ने, हाम्रो पर्यावरणीय सम्पदासँग मेल खाने

विकासलाई प्रवर्द्धन गर्ने र योजनाबद्ध तथा दिगो शहरीकरणलाई अघि बढाउने जस्ता पाँच मुख्य आधारलाई हाम्रो विकास रणनीतिको मार्गदर्शन गर्ने ५ स्तम्भहरूका रूपमा पहिचान गरेको छः यी प्राथमिकताहरू नै तीव्र, समावेशी र दिगो विकास हासिल गर्ने हाम्रो प्रयासका आधार बन्नेछन्।

***माननीय अध्यक्ष महोदय,***

अब म यस सम्मानित सदनसमक्ष यस आर्थिक वर्षमा राज्य सरकारले आरम्भ गर्ने केही नयाँ पहलहरू प्रस्तुत गर्न चाहन्छु, जसले हामीलाई **सुनौलो, समृद्ध अनि समर्थ सिक्किम**-को परिकल्पना पूरा गर्न सबैभन्दा प्रभावकारी र कुशल तरिकाले सहयोग गर्नेछ।

कृषि हाम्रो ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो र हाम्रो जनसंख्याको ठूलो हिस्साको मुख्य जीविकोपार्जनको स्रोत पनि हो भन्ने कुरा मैले उल्लेख गरिसकेको छु। कृषि क्षेत्रलाई सुदृढ बनाउन र संस्थागत ऋणलाई अझ सुलभ तथा किफायती बनाउन सरकारले **किसान क्रेडिट कार्ड (के.सि.सि) अन्तर्गत कृषि बाली ऋणका लागि राज्य ब्याज अनुदान योजना**शुरू गर्ने निर्णय गरेको छ।

वर्तमानमा किसानहरूले किसान क्रेडिट कार्ड (के.सि.सि) योजना अन्तर्गत कृषि बाली ऋण ७ प्रतिशत ब्याजदरमा लिइरहेका छन्। समयमै ऋण तिर्ने किसानहरूले भारत सरकारको योजनाअन्तर्गत नाबार्ड मार्फत ३ प्रतिशत ब्याज अनुदान प्राप्त गर्छन्, जसले गर्दा वास्तविक ब्याजदर घटेर ४ प्रतिशत हुन्छ।

कृषक समुदायलाई थप सहयोग पुऱ्याउन सरकारले निर्धारित समयमा के.सि.सि कृषि फसल ऋण तिर्ने र उक्त रकम कृषि तथा सम्बन्धित गतिविधिमा प्रयोग गर्ने किसानहरूलाई थप ३ प्रतिशत ब्याज अनुदान प्रदान गर्नेछ। यसको

परिणामस्वरूप, योग्य किसानहरूले अब कृषि फसल ऋण केवल वार्षिक १ प्रतिशत ब्याजदरमा प्राप्त गर्नेछन्।

यस पहलले कृषि लागत उल्लेखनीय रूपमा कम गर्ने, समयमै ऋण पाउने व्यवस्था र कृषिमा थप निवेश गर्न प्रोत्साहित गर्नेछ। यसबाट विशेषगरी साना र सीमान्त किसानहरूलाई ठूलो लाभ पुग्नेछ, उन्नत कृषि प्रविधिहरू अपनाउन प्रोत्साहन मिल्नेछ र कृषि क्षेत्रमा ऋण अनुशासनलाई अझ सुदृढ़ गर्नेछ।

यो योजना सहकारिता विभागमार्फत सिक्किम राज्य सहकारी ब्याङ्क र प्राथमिक कृषि ऋण सहकारी संस्थाहरूको सहकार्यमा कार्यान्वयन गरिनेछ, जसले गर्दा यसको लाभ किसानहरूसम्म स्थानीय तहबाटै पुग्ने सुनिश्चित हुनेछ।

**सुलभ ऋण, सशक्त सहकारी संस्थाहरू र कृषि विकासका लागि निरन्तर सहयोगमार्फत सरकार जीवन्त, उत्पादनशील र समृद्ध ग्रामीण अर्थतन्त्र निर्माण गर्न तथा हाम्रा किसानहरूको जीविकोपार्जन सुधार गर्नमा प्रतिबद्ध छ।**

***माननीय अध्यक्ष महोदय,***

हाम्रा महिलाहरूको स्वास्थ्य र कल्याण सरकारको प्राथमिकतामा रहेको छ। सिक्किममा स्तन क्यान्सरपछि सर्भाइकल क्यान्सर महिलाहरूमा देखिइने दोस्रो सबैभन्दा सामान्य क्यान्सर हो। सर्भाइकल क्यान्सर मुख्यरूपमा ह्युमन प्यापिलोमा भाइरस (एच.पि.भि.) को दीर्घ संक्रमणका कारण हुन्छ। समयमै पहिचान तथा उपचार मार्फत प्रभावकारी रूपमा रोकथाम र नियन्त्रण गर्न सकिने क्यान्सरमध्ये यो एक हो। सरकारले राज्यभरि सेल्फ सेम्पलिङ मार्फत व्यापक **एच.पि.भि.परीक्षण कार्यक्रम** शुरू गर्ने निर्णय गरेको छ भने खोप अभियान पहिलेनै शुरू भइसकेको छ।

१४ वर्षका किशोरीहरूका निम्ति ह्युमन प्यापिलोमा भाइरसखोपमार्फत एच.पि.भि. रोकथाम गर्ने दिशामा सिक्किम अग्रणी रहिआएको छ। यस सम्मानित सदनलाई जानकारी दिन पाउँदा म गर्वबोध गर्दछु कि यो खोप अभियानअन्तर्गत अघिबाटै ९२.११ प्रतिशतलाई समेटिसकिएको छ।

सर्भाइलक क्यान्सर उन्मुलनको दिशामा हाम्रा प्रयासहरूलाई अघि बढ़ाउँदै सरकारले सेल्फ सेम्पलिङको आधारमा राज्यव्यापी एच.पि.भि. जाँच कार्यक्रम शुरू गर्ने निर्णय गरेको छ। यस पहलअन्तर्गत **३० देखि ६५ वर्ष उमेर समूहका करीब १.५ लाख महिला लाभार्थी**हरूलाई आवश्यक परामर्श र प्रशिक्षण प्रदान गरेपछि **एच.पि.भि सेल्फ सेम्पलिङ किट** उपलब्ध गराइनेछ। सेल्फ सेम्पलिङ विधिले महिलाहरूको गोपनीयता कायम राख्दै सहज तरिकाले नमूना सङ्कलन गर्न सक्षम बनाउनेछ, जसले सहभागिता बढाउन साथै रोगको प्रारम्भिक पहिचानमा सहयोग पुऱ्याउनेछ। सङ्कलन गरिएका नमूनाहरू राज्यको स्वास्थ्य प्रणालीमार्फत परीक्षण गरिनेछन्। एच.पि.भि. संक्रमण वा क्यान्सरपूर्व अवस्थाका घाउहरू पहिचान भएका महिलाहरूलाई समयमै उपचार र नियमित अनुगमन सेवा प्रदान गरिनेछ। क्यान्सरको शङ्का भएका अवस्थाहरूलाई थप परीक्षण र उपचार व्यवस्थापनका लागि विशेषज्ञ स्वास्थ्य संस्थाहरूमा पठाइनेछ।

यो पहलले एच.पि.भि. खोप र क्यान्सरको प्रारम्भिक परीक्षणसम्बन्धी सरकारका निरन्तर प्रयासहरूलाई थप सहयोग पुऱ्याउनेछ। यसले सिक्किमलाई सर्भाइकल क्यान्सर सार्वजनिक स्वास्थ्य समस्याका रूपमा अन्त्य गर्ने देशकै पहिलो राज्य बन्ने सम्भावना प्रदान गर्नेछ। यस अभूतपूर्व कार्यक्रममार्फत हामी निवारक स्वास्थ्य सेवा, रोगको प्रारम्भिक पहिचान र हाम्रा महिलाहरूको जीवनस्तर सुधारप्रतिको आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछौं।

*माननीय अध्यक्ष महोदय,*

सिक्किममा अन्तिम चरणको मिर्गौला रोगको भार निरन्तर बढ्दै गएको छ, जसले बिरामीहरू र स्वास्थ्य सेवा प्रणाली दुवैमाथि ठूलो दबाब सिर्जना गरिरहेको छ। वर्ष २०२३ देखि २०२५ सम्म सर थुटोब नामग्याल मेमोरियल अस्पतालमा दीर्घकालीन मृगौंला रोग (सी.के.डि.) का ४५२ वटा मामिलाहरू दर्ता भएका थिए। तीमध्ये ७४ जना बिरामीलाई मृगौंला प्रत्यारोपणका लागि औपचारिक रूपमा उपचारका निम्तिराज्य बाहिर रेफर गरिएको थियो। तथापि, यी तथ्याङ्कहरूले वास्तविक आवश्यकताको सानो अंश मात्र देखाउँदछन्। धेरै बिरामीहरू आर्थिक समस्या, वृद्धावस्था, अन्य स्वास्थ्यसम्बन्धी जटिलता, केयर गिभरको अभाव वा लामो समयको उपचारका लागि राज्य बाहिर बसाइँ सर्ननसक्ने अवस्थाका कारण रेफर नभई आजीवन डायलाइसिसमैं निर्भर रहिरहेका छन्। त्यसैले, सिक्किममा मृगौंला प्रत्यारोपणको आवश्यकता आधिकारिक रूपमा रेफर गरिएका तथ्याङ्कहरूले देखाएको भन्दा धेरै अधिक रहेको छ।

हाल मृगौंला प्रत्यारोपण आवश्यक भएका बिरामीहरूले परीक्षण, शल्यक्रिया र उपचारपछिको नियमित हेरचाहका लागि नयाँ दिल्ली, कोलकाता, दक्षिण भारत र अन्य ठूला तृतीयक स्वास्थ्य सेवा केन्द्रहरूमा जानुपर्ने हुन्छ, जहाँ उनीहरू प्रायः ६ महिनादेखि १ वर्षसम्म बस्नुपर्ने अवस्था आउँछ। यसले प्रभावित परिवारहरूमा ठूलो आर्थिक, सामाजिक र भावनात्मक भार सिर्जना गर्नुका साथै राज्यको डायलाइसिस सेवा पूर्वाधारमाथि पनि ठूलो दबाब दिंदछ। हाल एस.टि.एन.एम. अस्पतालले १७ वटा हेमोडायलाइसिस मेसिनहरू लगभग चौबीसै घण्टा सञ्चालन गरिरहेको छ, जसबाट डाइलासिसका दैनिक ५० भन्दा अधिक सत्रहरू उपलब्ध गराउँदैछ। नाम्ची, गेजिङ, मङ्गन, जोरथाङ र अन्य केन्द्रहरूमा रहेका डायलाइसिस एकाइहरू पनि आफ्नो पूर्ण वा लगभग पूर्ण क्षमतामा सञ्चालन भइरहेका छन्। यसले मिर्गौला प्रतिस्थापन उपचारको बढ्दो

मागलाई दर्शाउँदछ र राज्यभित्रै स्थायी उपचार विकल्प स्थापना गर्नुपर्ने तत्काल आवश्यकता रहेको जनाउँदछ।

यस सम्मानित सदनलाई जानकारी गराउन पाउँदा म आनन्दित महसुस गरिरहेको छु कि सिक्किम अब आफ्नै **मृगौला प्रत्यारोपण कार्यक्रम**शुरू गर्ने अवस्थामा पुगेको छ। यो राज्यको स्वास्थ्य सेवाको यात्रामा एउटा महत्त्वपूर्ण र रूपान्तकारी उपलब्धी हुनेछ। एस.टि.एन.एम.अस्पतालमा सुस्थापित नेफ्रोलोजी तथा युरोलोजी विभागहरू उपलब्ध भएकालेएस.टि.एन.एम **अस्पतालमा नेफ्रोलोजी र युरोलोजी विभागहरू राम्रोसँग स्थापित हुनु, प्रशिक्षणप्राप्त बहुविषयक प्रत्यारोपण टोली, आवश्यक चिकित्सकीय विशेषज्ञता, संस्थागत क्षमता र सहयोगी पूर्वाधारहरू अब पूर्णरूपमा उपलब्ध भएकाले, सिक्किमले आफ्नो इतिहासमै प्रथमपल्ट मृगौला प्रत्यारोपण सेवा सञ्चालन गर्ने आवश्यक तयारी पूरा गरेको छ।**

तदनुसार, सरकारले चालूवित्त वर्षभित्र मृगौला प्रत्यारोपण कार्यक्रम सञ्चालनमा ल्याउने प्रस्ताव गरेको छ। यो अग्रणी पहल शुरू भएपछि अन्तिम चरणको मृगौलाका रोगीहरूले राज्यभित्रै जीवनरक्षक मृगौला प्रत्यारोपण सेवा प्राप्त गर्न सक्नेछन्, जसपछि विशेष उपचारका लागि सिक्किमबाहिर जानुपर्ने आवश्यकता रहनेछैन। यसले रोगी र उनीहरूका परिवारले भोग्दै आएका आर्थिक, व्यवस्थापनसम्बन्धी र भावनात्मक कठिनाइहरूलाई उल्लेखनीय रूपमा कम गर्नेछ। घर नजिकै समयमैं उच्चस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने सुविधा सुनिश्चित गर्नेछ।यस कार्यक्रमले तृतीयक स्वास्थ्य सेवासुदृढीकरण, विशेषज्ञ चिकित्सा सेवामा आत्मनिर्भरता निर्माण र सिक्किमवासीलाई उच्च गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको प्रतिबद्धतालाई अझ अगाडि बढाउने महत्त्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ।

***माननीय अध्यक्ष महोदय,***

राष्ट्रिय चिकित्सा आयोगबाट सोचेगाङमा सिक्किम सरकारीचिकित्सा महाविद्यालय स्थापना गर्ने अनुमति पत्र प्राप्त भएसँगै सरकारले ऐतिहासिक उपलब्धि हासिल गरेको छ।

यस चिकित्सा महाविद्यालयमा शैक्षिक वर्ष २०२६-२७ देखि प्रत्येक वर्ष १०० जना एम.बि.बि.एस. विद्यार्थी भर्ना गर्ने क्षमता रहनेछ। हाम्रो पहिलो सरकारी चिकित्सा महाविद्यालय स्थापना भएपछि सिक्किमका चिकित्सा शिक्षा हासिल गर्नचाहने विद्यार्थीहरूका लागि उल्लेखनीयरूपमा अवसरहरू विस्तार हुनेछन्। यसले राज्यमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धता बढाउने, राज्य बाहिरका संस्थाहरूमाथिको निर्भरता घटाउने र राज्यवासीका लागि स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्नेछ। यो पहल राज्यमा चिकित्सा शिक्षा र स्वास्थ्य सेवाको नयाँ युगको शुरुवात हो।

सरकारी चिकित्सा महाविद्यालय राष्ट्रिय चिकित्सा आयोगले निर्धारित गरेका मापदण्डहरूलाई पूरा गर्न प्रतिबद्ध छ। यस संस्थालाई चिकित्सा शिक्षाको उत्कृष्ट केन्द्रका रूपमा विकसित गर्न निरन्तररूपमा शैक्षिक पूर्वाधार, अध्यापन गर्ने प्राध्यापकहरू, अस्पताल सुविधा, आधुनिक चिकित्सा उपकरण, डिजिटल प्रणाली र अनुसन्धान क्षेत्रमा आवश्यक निवेश गरिनेछ।

***माननीय अध्यक्ष महोदय,***

भरपर्दो सड़क सम्पर्क आर्थिक वृद्धि, पर्यटन विकास र आवश्यक सेवाहरू सजिलैसँग प्राप्त गर्न आधारभूत आवश्यकता हो भन्ने कुरालाई ध्यानमा राख्दै, सरकारले सड़क पूर्वाधार रणनीतिको महत्त्वपूर्ण अंशका रूपमा **म्यास्टिक एस्फाल्ट सर्फेसिंग** निर्माण प्रविधि लागू गर्ने निर्णय गरेको छ। यो आधुनिक र मजबूत प्रविधि सिक्किमको जलवायु र भौगोलिक अवस्थाका लागि विशेष

रूपमा उपयुक्त छ। यसले सतहमुनि पानी पस्ने समस्या, सड़कको सतह बिग्रिने अवस्था र धेरै सवारीको चापबाट हुने क्षतिविरुद्ध रोकथाम गर्दछ। यसले सड़कको आयु बढ़ाउने र मरम्मत सम्भारको लागत घटाउने सुनिश्चित गर्दछ। टिकाउ, सुरक्षित र सबै मौसममा सञ्चालनयोग्य सड़क सम्पर्क उपलब्ध गराएर यसले नागरिकहरूको यातायातलाई उल्लेखनीयरूपमा सहज बनाउनेछ। ग्रामीण समुदायलाई बजार, शैक्षिक संस्था, स्वास्थ्य सेवा केन्द्र र पर्यटन गन्तव्यहरूसँग जोड्ने सम्बन्धलाई अझ बलियो बनाउनेछ।

वर्तमान चरणमा सरकारले राज्यभरिका लगभग ५७० किलोमिटर सड़कलाई म्यास्टिक एस्फाल्ट सर्फेसिंग निर्माण प्रविधिमार्फत स्तरोन्नति गर्ने प्रस्ताव गरेको छ। यसका लागि लगभग ₹५४६ करोड़को निवेश अनुमान गरिएको छ। यो काम चरणबद्ध रूपमा गरिनेछ र सात वर्षको त्रुटि दायित्व अवधिसहित असल गुणस्तर सुनिश्चित गर्ने प्रावधानहरू लागू गरिनेछन्। यो पहल सिक्किमको दीर्घकालीन विकासका लक्ष्यहरूलाई सहयोग गर्ने र जनताको जीवनस्तर सुधार गर्ने आधुनिक, जलवायु अनुकूल तथा टिकाउ सड़क सञ्जाल निर्माणतर्फ महत्त्वपूर्ण कदम हो।

***माननीय अध्यक्ष महोदय,***

सिक्किम सरकारले आफ्नै प्रकारको पहलस्वरूप **आमा दिदी बहिनी पिंक बस सेवा** शुरु गरेको कुरा मैंले अघिबाटै उल्लेख गरिसकें छ, जसको उदघाटन हालै राज्य भ्रमणमा आउनुभएकी माननीय राष्ट्रपती महोदयाले गर्नुभयो। महिलाहरूका लागि समर्पित सार्वजनिक यातायात सेवा प्रदान गर्दै र पूर्णरूपमा महिला चालक तथा परिचालकहरूद्वारा सञ्चालन हुँदै आएको यस सेवाले महिलाहरूको सुरक्षा, यातायात सुविधा र आर्थिक सशक्तीकरण बढ़ाउने दिशामा महत्त्वपूर्ण कदमको रूपमा काम गर्नेछ।

*माननीय अध्यक्ष महोदय,*

**स्वयं सहायता समूहहरू (एस.एच.जि)**ग्रामीण अर्थतन्त्रका मुख्य आधार हुन्। यी समूहहरूले महिलाहरूको सशक्तीकरण, वित्तीय समावेशीकरण, उद्यमशीलता विकास र सामुदायिक विकासका लागि महत्त्वपूर्ण माध्यमको रूपमा काम गरिरहेका छन्। उनीहरूको अमूल्य योगदानको सम्मानस्वरूप सरकारले **एस.एच.जि भरोसा सम्मेलन** आयोजना गर्नेछ। यस सम्मेलनले स्वंय सहायता समूहका सदस्यहरूको समर्पण, दृढ़ता र उद्यमशील भावनाको सम्मान, प्रोत्साहन र खुशी मनाउने अवसर प्रदान गर्नेछ। यस सम्मेलनले एस.एच.जि. अभियानलाई अझ सुदृढ़ बनाउने र सिक्किम भरि समावेशी ग्रामीण विकासलाई अगाडि बढ़ाउने सरकारको प्रतिबद्धतालाई पुनः पुष्टि गर्नेछ।

*माननीय अध्यक्ष महोदय,*

कला, सङ्गीत, साहित्य र संस्कृतिले कुनै पनि समाजको पहिचान, परम्परा र सामूहिक सम्पदाको संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन्। यिनले सिर्जनशीलता, सामाजिक एकता र समुदायहरूबीच अपनत्वको भावना विकास गर्न सहयोग पुऱ्याउँदछन्।

उनीहरूको महत्त्वलाई स्वीकार गर्दै, सरकारले सिक्किमेली समाजका समृद्ध कला, संस्कृति र साहित्यिक परम्पराहरूको संरक्षण, प्रवर्द्धन र विकासप्रति आफ्नो प्रतिबद्धता कायम राखेको छ। यस उद्देश्यका लागि सरकारले **सिक्किम कला**, **संस्कृति तथा सम्पदा विकास बोर्ड** स्थापना गरेको छ।सरकारले बोर्डलाई वार्षिक अनुदान प्रदान गर्दै आएको छ र सिक्किमको विशिष्ट सांस्कृतिक तथा बौद्धिक

सम्पदाको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरणका लागि सिक्किम अकादेमी र नामग्याल इन्स्टिच्यूट अफ टिबेटोलोजीजस्ता संस्थाहरूलाई निरन्तर सहयोग प्रदान गर्दै आएको छ।

यस अतिरिक्त, **कलाकार भरोसा सम्मेलन** मार्फत हाम्रा कलाकार, साहित्यकार, सङ्गीतकर्मी तथा संस्कृति संरक्षण र प्रवर्द्धनमा संलग्न व्यक्तिहरूको महत्त्वपूर्ण योगदानको सम्मान र कदर गरिन्छ।

***माननीय अध्यक्ष महोदय,***

हामी आर्थिक प्रगतितर्फ अग्रसर भइरहँदा, हाम्रा मानिसहरूको पहिचान निर्धारण गर्ने समृद्ध सांस्कृतिक धरोहर र परम्परागत ज्ञानको संरक्षण गर्नु पनि उत्तिकै आवश्यक छ। यस्तै अमूल्य धरोहरहरू मध्ये एक हो लेप्चा समुदायको परम्परागत बाँसको झोलुङ्गे पुल (**रू-सम**), जुन आदिम अभियान्त्रिकी ज्ञानको एउटा उत्कृष्ट उदाहरण हो। यसले शताब्दीयौंदेखि कठिन भू-भागमा रहने समुदायहरूलाई आपस्तमा जोड्दै आएको छ र प्रकृतिसँग पूर्ण सामञ्जस्य कायम राख्दै आएको छ।

रू-सम-को ऐतिहासिक, सांस्कृतिक र  पर्यावरणीय महत्त्वलाई ध्यानमा राख्दै, सरकारले जङ्गु क्षेत्रमा विस्तृत स्थलगत अध्ययनमार्फत यस परम्पराको व्यापक अभिलेखीकरण गरेको छ। यस कार्यमा मानवशास्त्री, समुदायका ज्येष्ठ सदस्य, अनुभवी पुल निर्माता, अनुसन्धानकर्ता तथा विभिन्न विज्ञहरूको सहभागिता रहेको थियो। यस पहलको उद्देश्य पुल निर्माण गर्ने सीपमात्र होइन, पुस्तौँदेखि यस अद्वितीय अभियान्त्रिकी ज्ञान परम्परालाई जीवित राख्दै आएका परम्परागत ज्ञान अभ्यासहरूको पनि संरक्षण गर्नु हो।

लोअर जोङ्गुस्थित ही ग्याथाङमा नयाँ रू-समको निर्माण सम्पन्न भइसकेको छ। यसले एक जीवन्त धरोहरस्थलको रूप लिएको छ, जसले शैक्षिक स्रोतका रूपमा सेवा गर्नुका साथै पर्या-पर्यटनको आकर्षणको भूमिका निर्वाह गर्नेछ। हामी आरक्षित कञ्चनजङ्गा जैवमण्डल क्षेत्रमा रहेको यस आदिम

अभियान्त्रिकी ज्ञान परम्पराको अभिलेखीकरण तथा अध्ययन गर्न युनेस्को र प्रमुख शैक्षिक संस्थाहरूसँग पनि सहकार्य गरिरहेका छौं।

रू-समलाई टिकाउ संरचना तथा पर्यावरण मैत्री अभियान्त्रिकीको महत्त्वपूर्ण वैश्विक नमूनाको रूपमा स्थापित गर्न र यसलाई व्यापक मान्यता दिलाउन सरकार प्रतिबद्ध रहेको छ।यसलाई भारतको अमूर्त सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीमा समावेश गर्ने प्रस्ताव तयार भइरहेको छ, जसले भविष्यमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने बाटो खोल्नेछ।

यी प्रयासहरूमार्फत हामी यो विश्वासलाई पुनः दोहोऱ्याउँदैछौं कि आदिम ज्ञान प्रणालीहरूले आधुनिक विश्वमा टिकाउ विकास र जलवायु परिवर्तनको सामना गर्ने क्षमता विकसित गर्नलाई अझै पनि महत्त्वपूर्ण ज्ञान र मार्गदर्शन प्रदान गरिरहेका छन्। रू-समदृढ़ता, नवीनता र प्रकृतिसँगको सामञ्जस्यको प्रतीकका रूपमा खड़ा छ। यो लेप्चा समुदाय र सिक्किमवासीका निम्ति गर्वको स्रोत पनि बनेको छ।

***माननीय अध्यक्ष महोदय,***

ठूलो अलैंची केवल एउटा फसलमात्र होइन; यो सिक्किमको अर्थतन्त्र, संस्कृति र पहिचानको अभिन्न अंश हो।

यसले लगभग २०,००० किसान परिवारलाई सहयोग पुऱ्याउँदै आएको छ र पुस्तौँदेखि ग्रामीण जीविकोपार्जनको महत्त्वपूर्ण आधारस्तम्भ रहिआएको छ। तर पछिल्ला केही दशकहरूमा यस क्षेत्रमा रोग, घट्दो उत्पादन क्षमता, माटोको गुणस्तरमा आएको ह्रास र जलवायु परिवर्तनको प्रभावका कारण गम्भीर चुनौतीहरू देखा परेका छन्। यसले कृषक समुदायको आम्दानीमा ठूलो क्षति पुऱ्याएको छ।

यस चुनौतीलाई सम्बोधन गर्न सरकारले वैज्ञानिक आधारमा गरिने उपायहरू तथा कृषकहरूको सहभागितामार्फत ठूलो अलैंचीको खेतीलाई पुनःस्थापित गर्ने र उत्पादन क्षमता उद्देश्यले **मेरो अलैंची**, **मेरो धन**शुरू गरेको छ। २१,००० भन्दा अधिक घरपरिवारलाई समेटेर गरिएको विस्तृत सर्वेक्षण र व्यापक वैज्ञानिक अध्ययनहरूले अलैंची उत्पादनमा आएको गिरावटका मुख्य कारणहरू पहिचान गर्न सहयोग गरेका छन्। ती कारणहरूमा ढुसी तथा जीवाणुजन्य रोग, लामो समयसम्म एउटै क्लोनबाट गरिँदै आएको प्रवर्द्धनका कारण भएको आनुवंशिक क्षति, माटोको गुणस्तरमा आएको गिरावट र जलवायु परिवर्तनका असरहरू रहेका छन्।

यी निष्कर्षहरूको आधारमा तीन तहको रणनीति अपनाइएको छ। तत्कालीन उपायहरूमा रोग सहन सक्ने जातहरूको प्रवर्द्धन र सुधारिएको खेती प्रणालीलाई प्राथमिकता दिइनेछ। मध्यम अवधिका पहलहरूमा सिक्किमको जैविक पहिचानलाई कायम राख्दै फसलको संरक्षण गर्न पर्या मैत्री जैविक समाधानहरूको विकास समावेश गरिएको छ। दीर्घकालीन प्रयासहरू उन्नत अनुसन्धान र जैवप्रविधिको माध्यमबाट जलवायु अनुकूल तथा उच्च उत्पादन दिने जातहरूको विकासमा केन्द्रित छन्। यस क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भइसकेको छ।

आनुवंशिक अभियान्त्रिकी तथा जैवप्रविधि अन्तर्राष्ट्रिय केन्द्र (आई.सि.जि.ई.बि.), राष्ट्रिय वनस्पति जीनोम अनुसन्धान संस्थान (एन.आई.पि.जि.आर.), राष्ट्रिय जैविक विज्ञान केन्द्र (एन.सि.बि.एस.), राष्ट्रिय कृषि तथा खाद्य जैवप्रविधि संस्थान (एन.ए.बि.आई.) र जैवस्रोत तथा टिकाउ विकास संस्थान (आई.बि.एस.डि.) लगायतका प्रमुख राष्ट्रिय अनुसन्धान संस्थाहरूको सहभागितामा सञ्चालन हुने संयुक्त अनुसन्धान परियोजनालाई भारत सरकारले स्वीकृति प्रदान गरिसकेको छ।

राज्यभरि १२ वटा **कृषक अलैंची प्रयोगशाला-**हरू स्थापित गरिएका छन्, जसको उद्देश्य नयाँ अलैंचीका वर्णसंकर प्रजातिहरू विकसित गर्नु हो। हरियो र पाखे जस्ता रोग प्रतिरोधी उन्नत प्रजातिहरूको ४० भन्दा अधिक जमीनमा गरिएको परीक्षणले उत्साहजनक परिणाम देखाएको छ। यस पहलमार्फत हामीले कृषकहरूको समृद्धिलाई पुनःस्थापित गर्ने, हाम्रो अमूल्य सांस्कृतिक धरोहरलाई पुनर्जीवित गर्ने र उच्च गुणस्तरको ठूलो अलैंची उत्पादनमा सिक्किमको विश्वस्तरीय अग्रणी स्थानलाई फेरि हासिल गर्ने लक्ष्य राखेका छौं।

***माननीय अध्यक्ष महोदय,***

देशका सबैभन्दा स्वच्छता र पर्यावरणप्रति सचेत राज्यहरूमध्ये एकका रूपमा सिक्किमको स्थान कायम राख्नु सरकारको प्रमुख प्राथमिकता रहेको छ। बढ्दो शहरीकरण, पर्यटक आगमनमा भएको वृद्धि र फोहोर उत्पादन बढ्दै गएको अवस्थामा वैज्ञानिकरूपमा फोहोर व्यवस्थापन प्रणालीलाई अझ सुदृढ बनाउनु पहिलेभन्दा अधिक आवश्यक बनेको छ।

यस सन्दर्भमा, सरकारले मार्ताम ल्यान्डफिलको स्तरोन्नतिका लागि महत्त्वपूर्ण पहल अघि बढाएको छ। यस ल्यान्डफिलमा विगतदेखि नै गान्तोक र वरिपरिका क्षेत्रहरूबाट आउने नगरपालिकाको फोहोर सङ्कलन हुँदै आएको छ। बितेका वर्षहरूभरि यस स्थानमा करीब २.३३ लाख म्याट्रिक टन पुरानो फोहोर जम्मा भएको छ, जसले गर्दा पर्यावरण सम्बन्धी समस्याहरू उत्पन्न भएका छन् र वरिपरि बसोबास गर्ने समुदायहरूलाई असुविधा भएको छ।

यस चुनौतीलाई समाधान गर्न सरकारले मार्ताममा जम्मा भएको पुरानो फोहोरको जैविक प्रशोधन (बायो-माइनिङ) गर्न स्वीकृति प्रदान गरेको छर यो काम अहिले अन्तिम चरणमा पुगिसकेको छ। यस पहलले उपयोगी भूमी पुनःप्राप्त गर्न, पर्यावरणीय जोखिम कम गर्न र उक्त स्थानको समग्र अवस्थालाई उल्लेखनीय रूपमा सुधार गर्न सहयोग पुर्‍याउनेछ।

यसका साथै, सरकारले **मार्तामस्थित फोहोर प्रशोधन सुविधाहरूको आधुनिकीकरण-**लाई स्वीकृति प्रदान गरेको छ। नगरपालिकाबाट उत्पन्न हुने फोहोरको प्रभावकारी प्रशोधन र व्यवस्थापन सुनिश्चित गर्न अत्याधुनिक उपकरण र पूर्वाधारहरू जड़ान गरिएका छन्।

यसमा बेलिङ पद्धतिद्वारा फोहोरलाई थिचेर राख्ने प्रणालीको सुविधा र अत्याधुनिक फोहोर प्रशोधन गर्ने तथा जलाउने प्रणालीसहित अत्याधुनिक उपकरण जड़ान गरिएको छ। नगरपालिकाको फोहोरलाई वैज्ञानिक ढङ्गमा व्यवस्थापन सुनिश्चित गर्न स्वचालित फोहोर वर्गीकरण प्रणाली, फोहोरलाई थिचेर गुठ्ठा बनाउने सुविधाहरूले फोहोर थुप्रिने समस्यालाई कम गर्नेछन् र पर्यावरणमैत्री फोहोर व्यवस्थापनका अभ्यासहरूलाई प्रवर्द्धन गर्नेछन्। हाम्रो उद्देश्य मार्ताम ल्यान्डफिल क्षेत्रलाई परम्परागत फोहोर फाल्ने स्थानबाट आधुनिक एकीकृत फोहोर व्यवस्थापन केन्द्रमा रूपान्तरण गर्नु हो, जसले वर्तमान र भविष्यमा उत्पन्न हुने फोहोरलाई वैज्ञानिक र टिकाउ तरिकाले व्यवस्थापन गर्न सक्षम बनाउनेछ।

यस पहलले पर्यावरण संरक्षण, जनस्वास्थ्यको सुरक्षा र स्वच्छ, हरियालीयुक्त तथा दिगो राज्यका रूपमा सिक्किमको प्रतिष्ठालाई कायम राख्ने हाम्रो प्रतिबद्धतालाई झल्काउँदछ।

***माननीय अध्यक्ष महोदय,***

सिक्किम खुल्ला, समावेशी र भविष्यमुखी अर्थतन्त्रतर्फको यात्रामा अघि बढिरहेको अवस्थामा, सरकारले दीर्घकालीन विकासलाई गति दिने र हाम्रा जनताको जीवनस्तर सुधार गर्ने महत्त्वपूर्ण क्षेत्रहरूमा रणनीतिक निवेशलाई निरन्तरता दिइरहेको छ। बाहिरी सहयोग प्राप्त परियोजनाहरू, संस्थागत सुधारहरू

र लक्षित पहलहरूको संयोजनमार्फत हामी मानव संसाधनलाई सशक्त पार्दैछौं, पूर्वाधारको आधुनिकीकरण गर्दैछौं र दिगो विकासका आधारहरू निर्माण गर्दैछौं।

**सिक्किम इन्सपार्यस्**अन्तर्गत एउटा प्रमुख पहल हो। सिक्किमको भविष्य यहाँका महिला र युवाहरूको सशक्तताले निर्धारण गर्ने कुरालाई ध्यानमा राख्दै, सरकारले उनीहरूलाई राज्य विकास रणनीतिको केन्द्रमा राख्ने उद्देश्यले यो रूपान्तरणकारी कार्यक्रम शुरू गरेको छ।

यो कार्यक्रम राज्यका सबै ६ वटै जिल्लालाई समेट्दै एउटै साझा ढाँचाअन्तर्गत ८ वटा विभागमार्फत कार्यान्वयन भइरहेको छ। कार्यक्रमको उद्देश्य वर्ष २०२९ सम्ममा ३,००,५०० महिला तथा युवाहरूलाई सीप विकास, उद्यमशीलता, रोजगारीका अवसरहरू र आर्थिक स्रोतहरू सुधार गरेर प्रत्यक्ष लाभ पुऱ्याउनु हो। यो कार्यक्रमले कल्याणकारी पहल आधारित सशक्तीकरण-नेतृत्व विकास संरचनाको परिवर्तनलाई प्रतिबिम्बित गर्दछ। हाम्रो मुख्य लक्ष्य महिला र युवाहरूलाई उद्यमी, दक्ष पेशाकर्मी र सिक्किमको आर्थिक विकासमा सक्रिय सहभागी बन्न सक्षम बनाउनमा केन्द्रित छ।

राज्य अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको पर्यटन क्षेत्रमा, होमस्टे सञ्चालकहरूका लागि विशेष प्रशिक्षण कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। यी कार्यक्रमहरू भारतीय प्रौद्योगिकी संस्थान (आई.आई.टि.) पटना र भारतीय प्रबन्धन संस्थान (आई.आई.एम.) लखनऊ जस्ता प्रतिष्ठित संस्थाहरूसँगको सहकार्यमा कार्यान्वयन भइरहेका छन्।

यसै क्रममा, भारतीय हिमालयन साहसिक तथा पर्या-पर्यटन केन्द्रमार्फत सिक्किम पक्षी अवलोकन मार्गदर्शक र पर्वतारोहण अभियान मार्गदर्शकका लागि प्रमाणित प्रशिक्षण कार्यक्रमहरू सञ्चालित गर्ने देशकै प्रथम राज्य बनेको छ।

यसका साथै ट्रेकिङ, राफ्टिङ, स्कीइङ र रक क्लाइम्बिङ सम्बन्धी पाठ्यक्रमहरू पनि सञ्चालन भइरहेका छन्। यी पहलहरूले जीविकोपार्जनका नयाँ अवसरहरू सिर्जना गर्नुका साथै सिक्किमलाई साहसिक पर्यटन र पर्या पर्यटनको क्षेत्रमा अग्रणी राज्यको रूपमा स्थापित गर्न सहयोग पुऱ्याइरहेका छन्।

यस कार्यक्रमले हाम्रा युवाहरूका लागि वैश्विक रोजगारीका अवसरहरूको बाटो पनि खोलिदिएको छ। **मुख्यमन्त्रीको युरोपेली भाषा तथा आकांक्षी प्रशिक्षण र संलग्नता (सिएम-एलिभेट) मार्फत रोजगार** पहलअन्तर्गत, सिक्किमका १९ जना युवा महिलाहरू हाल जर्मनीमा पञ्जीकृत नर्सका रूपमा कार्यरत छन्। उनीहरूले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी वेतन प्राप्त गरिरहेका छन् र स्वदेशमा रहेका आफ्ना परिवार तथा समुदायको समृद्धिमा योगदान पुऱ्याइरहेका छन्। अझ धेरै उम्मेदवारहरू भाषा प्रशिक्षण, प्रमाणिकरण र भिसा प्रक्रियाको उन्नत चरणमा रहेका छन्। यस पहलले हाम्रा नर्सिङ पेशेवरहरूका लागि वैदेशिक रोजगारीका दिगो अवसरहरूको निरन्तर मार्ग तयार गरिरहेको छ।

आर्थिक सशक्तीकरणसँगै सामाजिक कल्याण पनि आवश्यक हुन्छ भन्ने कुरालाई आत्मसात गर्दै, **सिक्किम इन्सपायर्स**-ले राज्यको पहिलो एकीकृत मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम रणनीतिलाई सहयोग प्रदान गरेको छ। जोखिममा रहेका व्यक्तिहरूलाई पहिचान गरी आवश्यक सहयोग प्रदान गर्न शिक्षक, स्वास्थ्यकर्मी र परामर्शदाताहरूलाई प्रशिक्षण दिइँदैछ। विद्यालयहरूमा जीवनोपयोगी सीपसम्बन्धी शिक्षा कार्यक्रमहरूलाई पनि थप सुदृढ़ बनाइएको छ। यी निरन्तर प्रयासहरूले पछिल्ला वर्षहरूमा राज्यको आत्महत्या दरमा क्रमिक कमी ल्याउन योगदान पुऱ्याएका छन् भने मानसिक स्वास्थ्य सहयोग सेवाहरूमा पनि विस्तार भएको छ।

म प्रसन्नतापूर्वक यो जानकारी गराउँछु कि राष्ट्रिय अपराध अभिलेख ब्यूरोअनुसार, राज्यमा आत्महत्या दर वर्ष २०२२ मा प्रति १ लाख जनसंख्यामा ४३.१ थियो भने, वर्ष २०२३ मा यो दर घटेर ४०.२ पुग्यो। वर्ष २०२४ मा यो दर अझ घटेर ३६.३ पुग्यो, जुन समग्रमा पछिल्ला दुई वर्षको अवधिमा **१५.८ प्रतिशत** घटेको छ।

आज सिक्किमले सामना गरिरहेको सबैभन्दा गम्भीर चुनौतीहरूमध्ये एउटा प्रजनन दरमा भइरहेको तीव्र गिरावट हो। राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षण (एन.एफ.एच.एस.)२०२३-२४ अनुसार, सिक्किमको कुल प्रजनन दर १.० प्रतिशत छ, जुन देशमैं सबैभन्दा कम हो। यस जनसांख्यिकीय चुनौतीलाई सम्बोधन गर्न सरकारले **एस.टी.एन.एम. अस्पताल, गान्तोकमा आधुनिक सहायक प्रजनन प्राद्यौगिकी केन्द्र** स्थापना गर्दैछ।

यो सुविधा नयाँ दिल्लीस्थित एम्स-को सहकार्यमा विकसित गरिँदैछ, जसले हाम्रा चिकित्सक, भ्रूणविज्ञ, एन्ड्रोलोजिस्ट, नर्स, परामर्शदाता तथा फ्लोर म्यानेजरहरूलाई प्राविधिक सहयोग र विशेष प्रशिक्षण प्रदान गर्नेछ। यस सेवाको पहिलो चरण चालु वर्षभित्र सञ्चालनमा आउने अपेक्षा गरिएको छ।

यसका साथै, भारतीय चिकित्सा अनुसन्धान परिषद्-ले प्रजननसम्बन्धी प्रवृत्ति र राज्यको स्वास्थ्य प्रणालीको तयारी अवस्थाबारे विस्तृत अध्ययन गर्न अनुसन्धान अनुदान स्वीकृत गरेको छ। यस अध्ययनबाट प्राप्त निष्कर्षहरूले आगामी वर्षहरूमा प्रमाणआधारित नीतिगत पहलहरू निर्धारित गर्न मार्गदर्शन गर्नेछन्।

यस अतिरिक्त, यस कार्यक्रमले नयाँ युगका जीविकोपार्जनका अवसरहरूलाई पनि सहयोग गरिरहेको छ। हाम्रो परम्परागत हस्तकला र हतकर्घा

क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्दै एनिमे र मंगा डिजाइनजस्ता उदाउँदा सिर्जनात्मक उद्योगहरूमा विशेष प्रशिक्षण प्रदान गरिँदैछ। यसले हाम्रा युवाहरूलाई वैश्विक डिजिटल बजारसम्म पुग्न र भविष्यका लागि तयार रोजगारीका अवसरहरू प्राप्त गर्न सक्षम बनाउनेछ।

यस दृष्टिकोणप्रति हामीलाई यसकारण विश्वास छ किनकि यो कार्यक्रम पक्का प्रमाणहरूको आधारमा तयार गरिएको छ। राज्यभरि सञ्चालित आधारभूत सर्वेक्षणहरूले महिला र युवाहरूका आकांक्षा, अवसर तथा कमी कमजोरीहरू पहिचान गर्न सहयोग गरेका छन्, जसले गर्दा निवेशलाई सबैभन्दा धेर प्रभाव पार्नसक्ने क्षेत्रहरूमा लक्षित गर्न सुनिश्चित भएको छ।

म हाम्रा महिला र युवाहरूलाई यस रूपान्तरणकारी पहलबाट पूर्ण लाभ लिन अगाडि आउन आह्वान गर्दछु। यस पहलले सामाजिक-आर्थिक उन्नतिका लागि अभूतपूर्व अवसरहरू प्रदान गरेको छ।

***माननीय अध्यक्ष महोदय,***

विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्ति आर्थिक विकास, सामाजिक प्रगति र जीवनस्तर सुधारको आधारशिला हो। राज्यका प्रत्येक घरपरिवार, संस्था, व्यापारिक प्रतिष्ठान र सार्वजनिक सेवाहरूलाई सुलभ, भरपर्दो र अविच्छिन्न विद्युत् आपूर्ति सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको छ।

हाम्रो दृष्टिकोण भनेको सिक्किमको विद्युत् क्षेत्रलाई आधुनिक, उपभोक्तामैत्री, आर्थिक रूपमा दिगो र जलवायु मिल्दो प्रणालीमा रूपान्तरण गर्नु हो, जसले विकसित सिक्किमको आकांक्षालाई पूरा गर्न आवश्यक सहयोग प्रदान गर्न सक्षम हुनेछ। हाम्रो हिमाली भू-भागका कारण उत्पन्न हुने विकट चुनौतीहरू र बढ्दो जलवायु सम्बन्धित जोखिमहरूलाई ध्यानमा राख्दै, हाम्रो ध्यान केवल

पूर्वाधार विस्तारमा मात्र नभई सशक्त र भविष्यको निम्ति तयार विद्युत सञ्जाल निर्माण गर्नमा पनि केन्द्रित छ।

यस दृष्टिकोणलाई पूरा गर्न एसियाली विकास ब्याङ्क-को आर्थिक सहयोगमा सिक्किम **उर्जा क्षेत्र विकास परियोजना** कार्यान्वयन भइरहेको छ। यो परियोजना राज्यको विद्युत् वितरण पूर्वाधारमा गरिएको सबैभन्दा ठूला निवेशहरूमध्ये एक हो र यसले अन्य प्रमुख योजनाहरूअन्तर्गत समेटिन नसकेका क्षेत्रहरूलाई उल्लेखनीय रूपमा सुदृढ बनाउनेछ।

यस परियोजनाअन्तर्गत **राज्यभरि करीब १,३५० किलोमिटर लामो ओभरहेड, भूमिगत तथा समेटिएको ११ केभी वितरण लाइनहरूको व्यापक स्तरोन्नति गरिनेछ र पुराना १,३२५ किलोमिटर एल.टि.लाइनहरू प्रतिस्थापन गरिनेछ तथा ४६० वटा वितरण ट्रान्सफर्मरहरूको क्षमता वृद्धि तथा थप विस्तार** गरिनेछ। जोखिम युक्त स्थानहरूमा भूमिगत केबलिङ, एरियल बन्च्ड केबलतथा उपयुक्त कन्डक्टरहरूको प्रयोगमार्फत जलवायुमिल्दो पूर्वाधार निर्माणमा विशेष जोड़ दिइँदैछ। यी पहलहरूले पहिरो, चरम मौसमी घटनाहरू तथा हाम्रो पहाड़ी भू-भागसँग सम्बन्धित अन्य चुनौतीहरूका कारण हुने अवरोधहरूलाई कम गर्नेछन्।

यस अतिरिक्त, **पुनर्संरचित वितरण क्षेत्र योजना-आर.डि.एस.एस.** मार्फत हामीले विद्युत् वितरण प्रणालीलाई आधुनिकी करण गर्ने लक्ष्य राखेका छौं, जसले विद्युतको गुणस्तर र विश्वसनीयतामा सुधार ल्याउनेछ, वितरणमा हुने क्षति घटाउनेछ तथा सञ्चालन दक्षता बढाउनेछ।

यस सम्मानित सदनलाई जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ कि स्मार्ट मिटरिङ कार्यक्रमअन्तर्गत, **राज्यका करीब ६४ प्रतिशत विद्युत्**

**उपभोक्तालाई समेट्दै ९२,००० भन्दा अधिक स्मार्ट मिटरजडान गरिसकिएको छ।** यस पहलले सठीक विद्युत् बिलिङ, विद्युत् खपतको वास्तविक समयमै निगरानी, उपभोक्तालाई अझ असल सेवा तथा राजस्व प्रबन्धनलाई थप प्रभावकारी बनाउँदै विद्युत् क्षेत्रको डिजिटल रूपान्तरणलाई तीव्र गति दिएको छ।

आर.डि.एस.एस. को पूर्वाधार सुदृढ़ गर्ने कार्यक्रमअन्तर्गत राज्यको विद्युत प्रणालीलाई आधुनिक बनाइनेछ। यसका निम्ति पुराना भइसकेका हाई- र लो-टेन्सन लाइनहरूलाई परिवर्तन गरिनेछ। आधुनिक तक्नीकि प्रयोग गरेर मानिसहरूलाई भरपर्दो सेवा प्रदान गर्न, नोक्सानीलाई कम गर्न र मानिसहरूको सुरक्षा बढ़ाउनलाई ट्रान्समिशन र सब-ट्रान्समिशन प्रणालीलाई ठीक गरिनेछ।

जलवायु परिवर्तनका कारण हुने जोखिमहरू लगातार बढ्दै गइरहेका छन्। त्यसैले प्राकृतिक आपदा र जलवायु सम्बन्धित प्रभावहरू सहनसक्ने बलियो तथा दिगो पूर्वाधार निर्माण गर्नु आजको आवश्यकता बनेको छ। त्यसैले सरकार जलवायु परिवर्तनको प्रभाव सहनसक्ने तथा कठिन परिस्थितिमा पनि बिना अवरोध विद्युत् सेवा उपलब्ध गराउनसक्ने विद्युत् प्रणाली विकास गर्न प्रतिबद्ध छ।

त्यसैले सरकार आपदा प्रतिरोधी, जलवायु परिवर्तन अनुकूल र कठिन परिस्थितिमा पनि निरन्तर विद्युत् आपूर्ति सुनिश्चित गर्नसक्ने विद्युत् प्रणालीको विकास गर्न प्रतिबद्ध छ। यी निवेशहरूले विद्युत् सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका साथै भविष्यमा आउनसक्ने चुनौतीहरूको सामना गर्न राज्यको तयारी र क्षमतालाई पनि सशक्त बनाउनेछन्।

सरकारले आफ्ना संस्थागत क्षमताहरू पनि बलियो बनाउँदैछ। एउटा समर्पित **ट्रान्सफर्मर मरम्मती कार्यशाला** स्थापित भइरहेको छ, जुन चालु वित्त वर्षभित्र सञ्चालनमा ल्याइनेछ। यस सुविधाले ट्रान्सफर्मरको मरम्मती तथा सम्भार आफ्नै संसाधनबाट गर्न सम्भव बनाउनेछ, विद्युत् अवरुद्ध हुने समय घटाउनेछ, मरम्मती खर्च कम गर्नेछ र विद्युत् आपूर्ति तीव्र र पुनःस्थापना गर्नमा सहयोग पुऱ्याउनेछ।

विद्युत् सञ्जालको आधुनिकीकरण, डिजिटल प्रविधिको प्रयोग, संस्थागत क्षमतामा वृद्धि तथा जलवायु-अनुकूलन पूर्वाधारमा निरन्त निवेशमार्फत राज्य सरकारले अझ बलियो, तीव्र अनि टिकाउ विद्युत् क्षेत्रको आधार तयार गरिरहेको छ। यी निवेशहरूले पर्यटन, उद्योग, डिजिटल सुशासन, स्वास्थ्य, शिक्षा तथा रोजगारी सिर्जनालाई टेवा पुऱ्याउनेछन्। सिक्किमवासीहरूका लागि दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्न पनि सहयोग गर्नेछन्।

विद्युत् क्षेत्र केवल एउटा पूर्वाधार सेवा मात्र होइन; यो विकासको एउटा आधार पनि हो। आज गरिने प्रत्येक निवेश भविष्यमा हाम्रो राज्यको समृद्धि, चुनौती सामना गर्ने क्षमता र टिकाउ विकासमा गरिने निवेश हो।

***माननीय अध्यक्ष महोदय,***

सरकारले यो पनि स्वीकार गर्दछ कि राम्रो योजनासहित विकसित गरिएका शहर-बजारहरू आर्थिक वृद्धि, सामाजिक प्रगति र जीवनस्तर सुधारका महत्त्वपूर्ण आधार हुन्। शहरीकरण आफैंमा विकास र समृद्धिको एक शक्तिशाली माध्यम हो। पछिल्ला १५ वर्षमा सिक्किममा शहरीकरणमा उल्लेखनीय वृद्धि भएको छ। जनसंख्या अनुमान अनुसार वर्ष २०४७ सम्ममा राज्यको लगभग ८० प्रतिशत जनसंख्या शहरी क्षेत्रमा बसोबास गर्न सक्नेछन्। मानिस, व्यवसाय र संस्थाहरूको केन्द्रका रूपमा रहेका शहरी क्षेत्रहरूले आर्थिक गतिविधि र

उत्पादनशीलता बढाउन महत्त्वपूर्ण प्रभाव पार्नेछन्। शहरीकरणले ठूलो परिमाणमा हुने आर्थिक लाभ र श्रम उत्पादन वृद्धि गर्न सहयोग गर्नेछ। यसले निवेश, नयाँ सोच र उद्यमशीलतालाई पनि आकर्षित गर्नेछ।

नगर र शहरहरू विस्तार हुने क्रममा नयाँ सीप, सेवा र रोजगारीका अवसरहरूको माग बढ्छ, जसले आम्दानी, खर्च गर्ने क्षमता बढ़ाउन र अतिरिक्त निवेशलाई आकर्षित गर्न सहयोग गर्छ। सड़क, सार्वजनिक यातायात प्रणाली र सार्वजनिक सुविधाजस्ता पूर्वाधारमा गरिने निवेशले सम्पर्क सुधार गरी आर्थिक गतिविधिलाई अझ बढुवा दिन्छ।

यस परिवर्तनबाट उत्पन्न हुने अवसर र चुनौती दुवैलाई ध्यानमा राख्दै, सरकारले वैज्ञानिक शहरी योजना, संस्थागत सुधार र रणनीतिक पूर्वाधार निवेशलाई समेटेर एक समग्र दृष्टिकोण अपनाएको छ। यस यात्राको एउटा महत्त्वपूर्ण उपलब्धि एसियाली विकास ब्याङ्कको सहयोगमा सञ्चालन हुने **सिक्किम एकीकृत शहरी विकास परियोजना (एस.आई.यू.डि.पि.)** हो, जुन डिसेम्बर २०२५ देखि प्रभावी भएको छ। यस रूपान्तरणकारी पहलले रम्फू, सिङताम, पाकिम, रानीपुल, तादोङ, मङ्गन, सोरेङ र गेजिङ क्षेत्रमा खानेपानी आपूर्ति, ढल व्यवस्थापन प्रणाली, बाढी प्रतिरोधी क्षमता, शहरी यातायात र सार्वजनिक पूर्वाधारलाई सुदृढ बनाउनेछ।

पार्किङको अभाव र ट्राफिक जामको समस्या समाधान गर्न, साथै शहरी यातायात र सार्वजनिक सुविधामा सुधार ल्याउन यातायात केन्द्रसहितका सामुदायिक परिसरहरू पनि विकसित गरिनेछन्।

सरकारले योजनाबद्ध शहरी विकासलाई सहयोग गर्न महत्त्वपूर्ण नीतिगत र संस्थागत सुधारहरूलाई पनि अघि बढ़ाएको छ। **सिक्किम शहरी तथा**

**ग्रामीण योजना अधिनियम, २०२४ र सिक्किम भूमि एकीकरण तथा विकास योजना नियमावली, २०२५** लागू गरिएसँगै टिकाउ शहरी विस्तार र पूर्वाधार विकासका लागि बलियो आधार तयार भएको छ। पाकिम र सोरेङमा नगर पञ्चायतको स्थापना तथा साझा नगरपालिका कर्मचारी क्याडरको शुरूआतले शहरी शासन व्यवस्था र सेवा प्रवाहलाई अझ सुदृढ बनाएको छ।

योजनाबद्ध शहरी विस्तारको आवश्यकता सिक्किमको राजधानी गान्तोकमा विशेष रूपमा देखिएको छ, जहाँ भीड़भाड़ र अव्यवस्था बढ्दै गएको छ। कठिन पहाडी अवस्थिति र भौगोलिक समस्याहरूका कारण, शहरमा सडक विस्तार गर्न र मानिस तथा सर-सामानको आवागमनका लागि थप पूर्वाधार निर्माण गर्न सीमित सम्भावना रहेको छ। हाल सिक्किमको जनसंख्याको १५ प्रतिशतभन्दा अधिक अंश गान्तोकमा बसोबास गर्छ। राज्यको प्रशासनिक, व्यापारिक र सेवा केन्द्रका रूपमा रहेको गान्तोकले भविष्यमा आफ्नो आर्थिक सम्बन्ध र आपूर्ति सञ्जालमार्फत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा राज्यको लगभग एक चौथाइ जनसंख्याको आवश्यकता पूरा गर्ने अपेक्षा गरिएको छ।

त्यसैले,सेटेलाइट टाउनशीपहरूको विकासमार्फत विकेन्द्रित र योजनाबद्ध शहरी विकासको रणनीति अपनाउनु अत्यन्त आवश्यक छ। यस सन्दर्भमा, सरकारले राजधानीसँग प्रभावकारी यातायात सम्पर्क कायम गर्न **पाकिम र गान्तोकबीच साथै राङ्का क्षेत्रमा रणनीतिक रूपमा उपयुक्त स्थानमा सेटेलाइट टाउनशीप** विकसित गर्ने प्रस्ताव गरेको छ। यी सेटेलाइट टाउनशीपहरूले गान्तोकको बढ्दो भीडभाड कम गर्ने र भविष्यमा आवासीय, व्यापारिक तथा संस्थागत विस्तारका लागि थप स्थान उपलब्ध गराउने दुईवटा उद्देश्य पूरा गर्नेछन्।

पहिलो चरणमा, सरकारले लगभग ५०,००० जनसंख्या बसोबास गर्नसक्ने क्षमताको सेटेलाइट टाउनशीप विकास गर्ने सम्भावनाको अध्ययन गर्नेछ। यस पहलको सफलताको आधारमा, राज्यका अन्य उपयुक्त स्थानहरूमा थप विशेष विकास केन्द्रहरू स्थापना गर्ने सम्भावनालाई पनि विचार गर्न सकिनेछ।

हामी सार्वजनिक स्थानहरूको गुणस्तर र आकर्षणमा सुधार गर्न पनि उत्तिकै प्रतिबद्ध छौं। **गान्तोकको ऐतिहासिक केन्द्र पुनर्जीवन पहल अन्तर्गत, एम.जी. मार्गस्थित सद्भाव मण्डप**-लाई सार्वजनिक सुविधा केन्द्रको रूपमा विकसित गरिनेछ। यसका साथै, **रिज पार्क क्षेत्र**-लाई उन्नत हरियाली व्यवस्थापन, सार्वजनिक सुविधाहरू र धरोहर मैत्री शहरी संरचनामार्फत स्तरोन्नति गरिनेछ। यी पहलहरू र स्वर्ण जयन्ती मैत्रेय मञ्जरीको विकासले गान्तोकलाई जीवन्त सांस्कृतिक र पर्यटकीय गन्तव्यको रूपमा अझ मजबूत पहिचान दिलाउनेछ।

***माननीय अध्यक्ष महोदय,***

पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता र समयमा सार्वजनिक सेवाको उपलब्धता माथि सुशासन आधारित हुन्छ। यी सिद्धान्तहरूलाई ध्यानमा राख्दै, सरकारले वर्ष २०२६-२७ मा सार्वजनिक वित्त प्रबन्धनलाई डिजिटल स्वरूपमा परिवर्तन गर्ने एउटा ठूलो कार्यक्रम शुरू गर्ने प्रस्ताव राखेको छ।

पछिल्ला केही वर्षहरूमा राज्यले वेतन व्यवस्थापन, जनकार्य तथा निर्माण कार्य सम्बन्धी लेखा प्रणालीका मुख्य अंशहरू विकास गरी सञ्चालनमा ल्याउँदै **राज्य एकीकृत वित्तीय प्रबन्धन सूचना प्रणाली (एस.आई.एफ.एम.आई.एस.) प्रणाली**-लाई क्रमशः सशक्त बनाएको छ। राज्यले पि.एफ.एम.एस., आर.बि.आई. ई-कुबेर, एन.पि.सि.आई र सिक्किम राज्य ब्याङ्कसँग एकीकरण गरेर एस.एन.ए-

स्पर्श र प्रत्यक्ष लाभ हस्तान्तरण सम्बन्धी सुधारहरू पनि सफलतापूर्वक कार्यान्वयन गरेको छ। यसबाट वित्तीय सुशासनका लागि मजबूत डिजिटल आधार तयार भएको छ।

वर्ष २०२६-२७ अवधि सरकारले निम्न प्रमुख सुधारहरू लागू गरी सञ्चालनमा ल्याउने प्रस्ताव गरेको छ:

१) **ई-स्वीकृति:** प्रशासनिक र वित्तीय स्वीकृतिहरू अनलाइनबाट तयार गर्ने, अनुमोदन र अनुगमन गर्ने सुविधा उपलब्ध गराउन ई-स्वीकृति प्रणाली लागू गरिनेछ। यसले स्वीकृतिहरूको पूर्ण अभिलेख र खोजी गर्न मिल्ने व्यवस्था सुनिश्चित गर्नेछ, प्रत्यायोजित वित्तीय अधिकारको सही पालना गर्न सहयोग पुर्‍याउनेछ र मानवीय प्रक्रियाबाट हुने विलम्बलाई धेरै हदसम्म घटाउनेछ।

२) **ई-बजेट मोड्युल:** विद्यमान बजेट प्रबन्धन प्रणालीलाई एक व्यापक ई-बजेट प्रणालीमा स्तरोन्नति गरिनेछ। यसले बजेटको डिजिटल तयारी, स्वीकृति, वितरण र अनुगमनलाई सहज बनाउनेछ। सबै विभागहरूमा बजेट विनियोजन र खर्चको वास्तविक समय जानकारी उपलब्ध गराउनेछ।

३) **ई-भुक्तानी:** राज्यले कोष तथा लेखाप्रणाली, ब्याङ्किङ प्रणाली र डिजिटल भुक्तानी माध्यमहरूलाई अझ गहनताका साथ एकीकृत गर्दै आफ्नो ई-भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउनेछ। यसले सुरक्षित, समयमैं हुने र पूर्णरूपमा परीक्षण तथा अभिलेख राख्न सकिने वित्तीय लेनदेन सुनिश्चित गर्नेछ।

४) **ई-रसीद प्रणाली:** सरकारी राजस्वको विद्युतीय सङ्कलन, लेखाङ्कन र समाधानका लागि एकीकृत ई-रसीद प्रणाली लागू गरिनेछ। यस सुधारले राजस्व व्यवस्थापनलाई अझ प्रभावकारी बनाउनेछ, समाधान

प्रक्रियामा हुने ढिलाइ घटाउनेछ र सरकारी राजस्व प्राप्ति सम्बन्धी वास्तविक समयको जानकारी उपलब्ध गराउनेछ।

५) **ई-भाउचर:** सरकारले एक व्यापक ई-भाउचर प्रणाली स्थापनालाई प्रस्तावित गरेको छ। यस प्रणालीले डिजिटल रूपमा तयार, प्रमाणित र सुरक्षित भण्डारण गरिएका भाउचरहरू उपलब्ध गराउनेछ। यसमा पूर्ण लेखापरीक्षण विवरण र लेनदेनस्तरको जानकारी वास्तविक समयमा उपलब्ध हुने व्यवस्था हुनेछ।

६) **आधार-आधारित प्रत्यक्ष लाभ हस्तान्तरण:** सरकारले योग्य लाभार्थीहरूलाई दिइने राज्यका विभिन्न योजनाहरूमा क्रमशः आधारमार्फत प्रत्यक्ष लाभ हस्तान्तरण प्रणाली लागू गर्नेछ। यसबाट सरकारी सहायता सही व्यक्तिसम्म पारदर्शी, छिटो र जिम्मेवार तरिकाले पुग्नेछ।

***माननीय अध्यक्ष महोदय,***

१६ औं वित्त आयोगका सिफारिसहरू र भारत सरकारद्वारा ती सिफारिसहरूमा गरिएको कार्यान्वयन सम्बन्धी प्रतिवेदन केन्द्रीय बजेट २०२६-२७ सँगै संसदमा प्रस्तुत गरिएको थियो। राज्यहरूलाई दिइने **कुल राजस्व विनियोजनको अंश ४१ प्रतिशतमै कायम राखिए तापनि**, **राज्यहरूबीच कर राजस्व विनियोजन गर्ने सूत्रमा गरिएको परिवर्तनले** सिक्किम जस्ता साना हिमाली राज्यहरूमाथि उल्लेखनीय प्रभाव पारेको छ।

सिक्किमको जनसंख्या कम छ, आफ्नै राजस्व आर्जन गर्ने क्षमता सीमित छ, दुर्गम पहाडी भू-भाग र छरिएर रहेका गाउँ बस्तीका कारण सेवा प्रवाहको लागत अधिक हुन्छ। यहाँको पारिस्थितिक प्रणाली संवेदनशील छ र अन्तर्राष्ट्रिय सीमाको दृष्टिले पनि यो रणनीतिक रूपमा महत्त्वपूर्ण राज्य हो। यी विशेष परिस्थितिका कारण

पूर्वाधार विकास, यातायात तथा सम्पर्क विस्तार, जीविको पार्जनका अवसर सिर्जना, पर्यावरण संरक्षण र सामाजिक विकासका क्षेत्रमा निरन्तर सरकारी निवेश आवश्यक हुन्छ।

१६ औं वित्त आयोगको सिफारिसअनुसार केन्द्र सरकारले राज्यहरूलाई वितरण गर्ने केन्द्रीय करहरूको विभाज्य कोषमा सिक्किमको अंश **०.३८८ प्रतिशत-बाट घटेर ०.३३५ प्रतिशत**-मा पुगेको छ। यो कटौती राज्यहरूबीच संसाधनहरूको सम विनियोजन मापदण्डहरूमा गरिएको परिवर्तन र विशेषगरि क्षेत्रफलमापदण्डलाई कम महत्त्व दिएकाले भएको हो। यसबाट राज्यमा निकै ठूलो वित्तीय प्रभाव परेको छ र यसले विकासका कामहरूलाई निरन्तरता दिन तथा जनमुखी कार्यक्रमहरू सञ्चालन गर्नमा महत्त्वपूर्ण चुनौतीहरू खडा गरेको छ।

यी चिन्ताहरूलाई ध्यानमा राख्दै, मैले केन्द्रीय बजेट प्रस्तुत भएको केही समयपछि माननीय प्रधानमन्त्रीजी र माननीय केन्द्रीय वित्त मन्त्रीजीसँग भेट गरी संशोधित विनियोजन प्रणालीले सिक्किमको वित्तीय अवस्थामा पारेको नकारात्मक प्रभावबारे जानकारी गराएँ। यी छलफलहरूका क्रममा मैले राज्यको विशेष विकास, पर्यावरणीय र रणनीतिक अवस्थामाथि प्रकाश पारें र हाम्रो विकासको गति तथा विकास सम्बन्धी प्रतिबद्धताहरूलाई कायम राख्ने निरन्तर सहयोग आवश्यक रहेको कुरा राखें।

यस सम्मानित सदनलाई जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ कि भारत सरकारले **पहाडी क्षेत्रको गौरव: पहाडी राज्यहरूका लागि विशेष विकास सहायता** कार्यक्रम शुरू गरेर पहाडी राज्यहरूको चिन्तालाई सकारात्मक रूपमा सम्बोधन गरेको छ।

यस पहलले कठिन भौगोलिक अवस्था, ठाउँहरूमा पुग्नमा हुने समस्या, कम जनघनत्व, सीमित राजस्व क्षमता र तुलनात्मक रूपमा कमजोर वित्तीय अवस्थाका कारण पहाडी राज्यहरूले भोग्नुपरेका विशेष चुनौतीहरूलाई स्वीकार गरेको छ। यसले पूँजीगत निवेशका लागि थप वित्तीय सहयोग उपलब्ध गराउने र अनिवार्य दायित्वहरू पूरा गर्न आवश्यक वित्तीय संसाधनको व्यवस्था गर्ने उद्देश्य राखेको छ। यसबाट यी राज्यहरूमा दिगो र समावेशी विकासलाई तीव्रता दिन सहयोग पुग्नेछ।

यो विशेष सहायता हिमाली राज्यहरूको विकाससम्बन्धी आकांक्षा र वित्तीय वास्तविकताको एउटा स्वागतयोग्य पहिचान हो। अतिरिक्त संसाधनहरूले पूर्वाधार सुदृढीकरण, सम्पर्क सञ्जाल विस्तार, जलवायु अनुकूल विकास, सार्वजनिक सेवा विस्तारमा सुधार र हाम्रा युवाहरूका लागि रोजगारी तथा जीविकोपार्जनका अवसर सिर्जना गर्ने हाम्रो प्रयासलाई सहयोग पुऱ्याउनेछन्।

**म माननीय प्रधानमन्त्रीजी र माननीय केन्द्रीय वित्त मन्त्रीजीले देखाउनु भएको सूझबूझ र सहयोगका निम्ति सिक्किमवासी र राज्य सरकारको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु।** हामी समृद्ध, सक्षम र विकसित **सिक्किम@२०४७** को हाम्रो लक्ष्यलाई अगाडि बढाउन यी संसाधनहरूको विवेकपूर्ण र प्रभावकारी रूपमा उपयोग गर्न प्रतिबद्ध छौं।

***माननीय अध्यक्ष महोदय,***

सावधानीपूर्वक गरिएको वित्तीय व्यवस्थापन सिक्किमको विकास यात्राको प्रमुख विशेषतामध्ये एक रहेको छ।ऋण लिनु पूर्वाधार विकास, सार्वजनिक सेवाको सुधार र आर्थिक वृद्धिका अवसर सिर्जना गर्न आवश्यक साधन भए तापनि, यसलाई दिगोपन, पारदर्शिता र भावी पुस्ताको हितलाई ध्यानमा राख्ने सिद्धान्त अनुसार सञ्चालन गर्नुपर्छ।

सरकारले संधै वित्तीय जिम्मेवारीको संरचनालाई पालना गर्दै आएको छ र वित्तीय जिम्मेवारी तथा बजेट प्रबन्धन अधिनियम अन्तर्गत नियम आधारित वित्तीय प्रबन्धन प्रणाली लागू गरेको छ।राज्यले लिने सबै ऋण भारत सरकारबाट स्वीकृत प्रक्रिया मुताबिक लिइन्छन् र ती सबैको पूर्ण रूपमा जानकारी सार्वजनिक गरिन्छ अनिप्रक्रियालाई पारदर्शी राखिन्छ।

विगतका वर्षहरूमा ऋणमार्फत गरिएको सार्वजनिक निवेशले सामाजिक र आर्थिक पूर्वाधार विस्तार गर्न, यातायात तथा आवागमन सुधार गर्न, सार्वजनिक सेवाहरूलाई सुदृढ़ बनाउन र जनताको जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। तर ऋण दिगो र तिर्न सकिने अवस्थामा रहनुपर्छ भन्ने कुरामा हामी सचेत छौं, ताकि भविष्यका पुस्तामाथि अत्याधिक ऋणको भार नपरोस्।

यसै उद्देश्यका साथ सरकारले **वित्त वर्ष २०२६-२७ देखि २०२८-२९ सम्मका लागि मध्यम अवधिको ऋण व्यवस्थापन रणनीति** तयार गरेको छ। यसले राज्यको ऋण लिने प्रक्रियालाई सावधानीपूर्वक र जिम्मेवार ढङ्गले सञ्चालन गर्न स्पष्ट मार्गदर्शन प्रदान गर्दछ।

***माननीय अध्यक्ष महोदय,***

वर्ष २०१९ मा सरकार गठन भएदेखि नै सरकारले कोभिड-१९ महामारी, २०२३ को दक्षिण ल्होनाक हिमताल विस्फोटबाट आएको बाढी तथा सिक्किमलाई देशका अन्य भागसँग जोड्ने राज्यको मुख्य जीवनरेखा राष्ट्रिय राजमार्ग-१० मा घरि-घरि देखिएका अवरोध जस्ता व्यापक चुनौतीहरूको सामना गर्दै अघि बढ्नुपरेको छ। यी घटनाका कारण राज्यले धैरै आर्थिक भार बेहोर्नु पऱ्यो। राज्यवासीको जीविकोपार्जन जोगाउन,क्षतिग्रस्त पूर्वाधार पुनःनिर्माण गर्न र

आर्थिक गतिविधि निरन्तर चलाइ राख्न सरकारले थप सार्वजनिक खर्च गर्नुपरेको थियो।

यी चुनौतीहरू हुँदा-हुँदै पनि राज्यको ऋण अवस्था अझै व्यवस्थित र दिगो रहेको छ। राज्यले लिएको ऋणको औसत ब्याजदर निरन्तर घट्दै गएको छ अनि ऋण तिर्नुपर्ने दायित्व पनि सुरक्षित र स्वीकार्य सीमाभित्र रहेको छ। महत्त्वपूर्ण कुरा के हो भने, राज्यको आर्थिक वृद्धिदर निरन्तर रूपमा ऋण लिँदा लाग्ने औसत लागत भन्दा अधिक रहेको छ, जुन दीर्घकालीन रूपमा ऋण दिगो रहनसक्ने अवस्थाको एउटा प्रमुख सूचक हो।

भारत सरकारले पूँजीगत निवेशका लागि राज्यहरूलाई विशेष सहायता योजना (एस.ए.एस.सि.आई.एस) मार्फत पनि महत्त्वपूर्ण सहयोग प्रदान गरेको छ, जस अन्तर्गत दीर्घकालीन ब्याजरहित ऋणका रूपमा पर्याप्त संसाधन उपलब्ध गराइएको छ। यी स्रोतबाट प्राप्त रकमले राज्यलाई आवश्यक पूर्वाधार निर्माणमा निवेश गर्न सहयोग पुऱ्याएको छ र ब्याज तिर्नुपर्ने ऋणको वृद्धिलाई पनि नियन्त्रणमा राख्न मद्दत पुगेको छ।

ऋण व्यवस्थापनलाई अझ सशक्त बनाउन सरकारले जोखिम कम गर्ने, ऋण प्रबन्धनलाई थप व्यवस्थित र सहज बनाउने तथा समयसँगै ऋण लिने लागत घटाउने उद्देश्यले योजनाबद्ध ऋण नीति अपनाउने निर्णय गरेको छ।

यस रणनीतिद्वारा राज्यले लिने ऋणको भुक्तानी अवधिलाई सन्तुलित गरिनेछ। कुनै एक वर्षमा धेरै ऋण तिर्नुपर्ने अवस्था आउन नदिने तथा ऋण लिने कार्यक्रमलाई थप पारदर्शी र व्यवस्थित बनाएर निवेशकर्ताको विश्वास बढाउने लक्ष्य राखिएको छ। राज्यको ऋण व्यवस्थापनलाई प्रभावकारी बनाउन भारतीय रिजर्भ ब्याङ्क र बजारसँग सम्बन्धित पक्षहरूसँग नियमित छलफललाई निरन्तरता दिइनेछ।

यस रणनीतिको मुख्य उद्देश्य ऋणको भुक्तानी अवधि क्रमशः बढाउँदै लैजानु हो, जसले गर्दा पुनः ऋण लिनुपर्ने जोखिम घट्नेछ र ऋण तिर्ने प्रक्रिया अझ सहज र व्यवस्थित बन्नेछ। सरकारले नगद व्यवस्थापनलाई अझ प्रभावकारी बनाउँदै सिक्किम राज्य ब्याङ्कमा रहेको समेकित ऋण चुक्ता कोषर प्रत्याभूति चुक्ता कोषमा नियमित रूपमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिनेछ।

***माननीय अध्यक्ष महोदय,***

सरकार वित्तीय अनुशासन कायम राख्न प्रतिबद्ध छ। त्यसअनुसार, वित्त वर्ष २०२८-२९ सम्मको मध्यम अवधिमा ब्याज तिर्नुपर्ने कुल ऋणलाई राज्यको सकलराज्य घरेलु उत्पादन (जि.एस.डि.पि.) को ३२ प्रतिशत कायम राख्ने निर्णय गरिएको छ। यो सीमा ऋण व्यवस्थापनका लागि महत्त्वपूर्ण आधार हुनेछ। आर्थिक अवस्था र उपलब्ध संसाधनको आधारमा यसलाई समय-समयमा समीक्षा गर्दै आवश्यक परेमा परिमार्जन गरिनेछ।

यसै क्रममा, हामी स्वीकार गर्छौं कि सिक्किमले अझै पनि पूर्वाधारको कमी, यातायात तथा सम्पर्कका चुनौतीहरू र विकासका आवश्यकताहरूको सामना गरिरहेको छ, जसका लागि निरन्तर सार्वजनिक निवेश आवश्यक छ।त्यसैले सरकारले आर्थिक वृद्धिलाई सहयोग गर्ने र वित्तीय अनुशासन कायम राख्ने कार्यबीच उचित सन्तुलन राख्ने  लक्ष्य राखेको छ।

मध्यम अवधिको ऋण व्यवस्थापन रणनीतिले विकासलाई सहयोग गर्ने र वित्तीय अनुशासन कायम राख्ने सन्तुलित दृष्टिकोणलाई दर्शाउँछ।

यस नीतिले सरकारलाई विकासका प्राथमिकतामा आवश्यक निवेश गर्न सहयोग गर्नेछ। यसका साथै, यस रणनीतिले वित्तीय स्थिरता कायम राख्न, निवेशकर्ताको विश्वास बढाउन र दीर्घकालसम्म अर्थतन्त्रलाई सन्तुलित र स्थिर राख्न मद्दत गर्नेछ।

सन्तुलित रूपमा ऋण लिने नीति, प्रभावकारी ऋण व्यवस्थापन र जिम्मेवार वित्तीय अनुशासनमार्फत सरकार बलियो अर्थतन्त्र निर्माण गर्न, सार्वजनिक पूर्वाधारलाई अझ सुदृढ बनाउन र राज्यवासीका लागि थप अवसरहरू सिर्जना गर्न प्रतिबद्ध छ। भावी पुस्ताका लागि पनि राज्यको आर्थिक अवस्था सुदृढ र स्वस्थ राख्न हामी दृढ संकल्पित छौं।

***माननीय अध्यक्ष महोदय,***

सुगम यातायात तथा सम्पर्क सुविधा र क्षेत्रीय आर्थिक सहकार्यको विस्तारले सिक्किमको विकासलाई तीव्र गति दिन महत्त्वपूर्ण भूमिका खेल्नसक्छ भन्ने कुरालाईसरकारले मान्यता दिन्छ। यस सन्दर्भमा, नयाँ व्यापार तथा आवागमनमार्गको विकासले व्यापार, पर्यटन, निवेश र जनस्तरको आपसी सम्बन्ध विस्तार गर्न महत्त्वपूर्ण अवसरहरू प्रदान गर्दछ। विचाराधीन महत्त्वपूर्ण पहलहरूमध्ये भारत-नेपाल सीमामा रहेको **चिवा भञ्ज्याङमा बहुआयामिक यातायात मार्ग र एकीकृत जाँच चौकी-** स्थापनागर्ने योजना पनि एउटा हो।

ऐतिहासिक रूपमा, चिवा भञ्ज्याङले गेजिङ जिल्लालाई पूर्वी नेपालसित जोड्ने पारम्परिक प्रवेशद्वारको भूमिका निर्वाह गर्दछ। यस अतिरिक्त, दुवैतर्फको सीमानामा समुदायबीच सांस्कृतिक, सामाजिक र आर्थिक सम्बन्ध विस्तार गर्न सहयोग पुऱ्याउँदै आएको छ। यस प्रस्तावित मार्गले व्यापार र पर्यटनलाई थप विस्तार गर्न, स्थानीय उत्पादनलाई बजारसम्म सहजतासित पुऱ्याउन तथा व्यवसायी र उद्यमीका लागि नयाँ अवसर सिर्जना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने सम्भावना रहेको छ।यसले पूर्वी नेपाल-सिक्किम-उत्तर बङ्गाल क्षेत्रको समग्र आर्थिक विकासमा पनि टेवा पुऱ्याउनेछ। कृषि,बागवानी,उद्योग,व्यापार तथा पर्यटन क्षेत्रमा पनि व्यापक सम्भावना रहेको छ।

आर्थिक लाभका अतिरिक्त,परियोजनाले यस महत्त्वपूर्ण क्षेत्रमा यातायात तथा सम्पर्क सुविधा विस्तार गरी सीमावर्ती पूर्वाधारलाई सुदृढ बनाउँदै भारतको रणनीतिक तथा राष्ट्रिय सुरक्षालाई पनि थप मजबूत  बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

यस मार्गको व्यापारिक महत्त्वलाई ध्यानमा राख्दै यस क्षेत्रमा आधुनिक सीमावर्ती पूर्वाधार निर्माणको काम तीव्ररूपमा अघि बढिरहेको छ। भारतको भू-बन्दरगाह प्राधिकरणद्वारा पानीट्याङ्की र काकरभिट्टामा एकीकृत जाँच चौकी निर्माण भइरहेको छ।

यस पहलको व्यापक सम्भावनालाई ध्यानमा राख्दै सिक्किम सरकारले यो विषय भारत सरकार समक्ष उठाइसकेको छ र यसलाई निरन्तर अघि बढाउँदै जानेछ। यस मार्गलाई व्यापार, पर्यटन र आर्थिक समृद्धिको नयाँ प्रवेशद्वारको रूपमा विकसित गरेर सिक्किमका जनतालाई लाभ पुऱ्याउने सरकारको लक्ष्य रहेको छ।

***माननीय अध्यक्ष महोदय,***

पर्यटन सिक्किमको अर्थतन्त्रको प्रमुख आधारमध्ये एकहो भने यो राज्यवासीको जीवनयापनको महत्त्वपूर्ण स्रोत पनि हो। कृषि क्षेत्रपछि दोस्रो स्थानमा रहेको पर्यटनले लगभग १८ प्रतिशत जन सङ्ख्यालाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीका अवसरहरू प्रदान गर्दछ। अहिले सिक्किममा प्रत्येक वर्ष अनुमानित १७.२ लाख पर्यटक आउँछन्। यो संख्या राज्यको कुल जनसङ्ख्या भन्दा झण्डै तीन गुणा अधिक हो। यसले सिक्किम उत्कृष्ट पर्यटन गन्तव्यका रूपमा दिनप्रतिदिन लोकप्रिय बन्दै गएको दर्शाउँछ।

विगत केही वर्षमा सिक्किमले भारतको जैविक कृषि अपनाउने, सबैभन्दा स्वच्छ र पर्यावरण संरक्षणप्रति सचेत राज्यका रूपमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ।

यस विशेष पहिचानसितै सिक्किमको समृद्ध प्राकृतिक सम्पदा, विविध संस्कृति र आत्मीय आतिथ्यले सिक्किमलाई देशकै सबैभन्दा लोकप्रिय पर्यटन गन्तव्यहरूमध्ये एकका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

उन्नत पूर्वाधार, दिगो पर्यटन विकास, डिजिटल प्रविधिको प्रयोग तथा हाम्रो सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण एवम् प्रवर्द्धनप्रयासका कारण पर्यटन क्षेत्रले नयाँ रूप लिँदै तीव्र विकास गरिरहेको छ। सरकारलेपर्यटन क्षेत्रको व्यापक सम्भावनालाई ध्यानमा राख्दै यसलाई अत्याधिक प्राथमिकता दिएको छ। राज्यका सबै क्षेत्रमा विकासको लाभ पुग्ने सुनिश्चित गर्न सरकारले विश्वस्तरीय पर्यटन पूर्वाधार, नयाँ पर्यटकीय गन्तव्यविकास तथा ग्रामीण पर्यटन प्रवर्द्धनमा निरन्तर निवेश गरिरहेको छ। पर्यटन पूर्वाधारलाई अझ सुदृढ बनाउन र पर्यटकहरूलाई नयाँ-नयाँ अनुभव प्रदान गर्न राज्यभरि धेरै महत्त्वपूर्ण पर्यटन परियोजनाहरू सञ्चालित छन्।

**भालेढुङ्गा पर्यटन परियोजना** देशकै एक प्रतिष्ठित पर्यटकीय गन्तव्यको रूपमा विकसित हुँदैछ। अत्याधुनिक अन्तर्राष्ट्रिय प्रविधिमा निर्मित ३.४ किलोमिटर लामो **भालेढुङ्गा रोपवे** सञ्चालनमा आइसकेको छ र यसले पर्यटकहरूलाई आकर्षित गरिरहेको छ। **३,२००** मिटरभन्दा अधिक उँचाईमा निर्माणाधीन यो **स्काइवाक** विश्वकै सबैभन्दा उच्च स्काइवाकहरूमध्ये एक बन्ने अपेक्षा गरिएको। यसले भालेढुङ्गालाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्नेछ।

हालै सञ्चालनमा आएको **पेलिङ रोपवे**-ले पेलिङ बजारलाई लोकप्रिय स्काईवाक परिसरसित जोडेको छ। यसबाट पर्यटकको यात्रा अझ सहज र आकर्षक बनेको छ। यस रोपवेबाट कञ्चनजङ्घा हिमाल र सिङ्गालिला पर्वत शृङ्खलाको मनमोहक दृश्य अवलोकन गर्न सकिनेछ।

सरकारले ऐतिहासिक **सिङसोर पुल**-लाई प्रमुख पर्यटकीय तथा साहसिक पर्यटन गन्तव्यको रूपमा रूपान्तरण गरिरहेको छ।

यस परियोजनामा ग्लास-डेक-सितै जिपलाइन, बञ्जी जम्प, रक क्लाइम्बिङ र र्‍यापिलिङ जस्ता साहसिक गतिविधिको व्यवस्था गरिएको छ। यस अतिरिक्त, पर्यटकका लागि आवश्यक आधुनिक सुविधाहरू पनि उपलब्ध गराइनेछन्।यो परियोजना चालु आर्थिक वर्षभित्र सर्वसाधारणका लागि खुल्ला गरिइने अपेक्षा गरिएको छ।

राज्यको सबै क्षेत्रमा सन्तुलित विकासलाई प्रवर्द्धन गर्न **सोरेङ जिल्लाको दोदकमा पर्या-तीर्थाटन परिसर** निर्माण गरिएको छ। यसले राज्यको पश्चिमी क्षेत्रमा धेरैभन्दा धेरै पर्यटकहरूलाई आकर्षित गर्दै स्थानीय समुदायका लागि रोजगारका नयाँ अवसरहरू सिर्जना गर्ने लक्ष्य राखेको छ।

**नथुला** अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यको रूपमा दिन-प्रतिदिन लोकप्रिय बन्दै गएको कुरालाई ध्यानमा राख्दै सरकारले त्यहाँ पर्यटकहरूको सुविधा र सहज आवागमन सुनिश्चित गर्न वाहन बिसौनी, छाना भएको पैदलमार्ग, एस्केलेटर, क्याफेटेरिया, स्वास्थ्य सेवा तथा अन्य सार्वजनिक सुविधालाई स्तरोन्नति गरिरहेको छ।

सरकारले **ग्रामीण पर्यटन**-लाई पनि विशेष प्राथमिकता दिइरहेको छ। यस पहलअन्तर्गत ग्रामीण सिक्किमभरि आधुनिक सुविधासहित **१,००० वटा**

**परम्परागत होमस्टेहरू** विकसित गरिँदैछन्। यस कार्यक्रमले पर्यटकलाई स्थानीय संस्कृतिर प्रकृतिको अनुभव प्रदान गर्दै ग्रामीण क्षेत्रमा दिगो रोजगारीका अवसरहरू सिर्जना गरी ग्रामीण अर्थ तन्त्रलाई पनि बलियो बनाउनेछ।

यी सबै पहलमार्फत सरकारले सिक्किमलाई विश्वस्तरीय, दिगो रसमावेशी पर्यटन गन्तव्यकारूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। पर्यटनबाट हुने विकासको लाभ राज्यका सबै क्षेत्र र स्थानीय समुदायसम्म पुग्ने सुनिश्चित गर्नमा सरकार प्रतिबद्ध छ।

***माननीय अध्यक्ष महोदय,***

शिक्षा सरकारको उच्च प्राथमिकताका क्षेत्रहरूमध्ये एक रहेको छ। राज्य बजेटको लगभग १५ प्रतिशत धनराशि यस क्षेत्रमा विनियोजन गरिएको छ। राष्ट्रिय शिक्षा नीति-२०२० को मार्गदर्शनमा हामी समावेशी, समानतामूलक, भविष्यको चुनौतीका लागि तयार तथा आफ्ना मूल्य-मान्यतामाथि आधारित शिक्षा प्रणाली निर्माण गरिरहेका छौं।

२७ मई २०२६ मा उल्लास नवभारत साक्षरता कार्यक्रम अन्तर्गत **सिक्किम पूर्ण साक्षर राज्य** बन्दै यो उपलब्धि हासिल गर्ने सिक्किम भारतको पाँचौं राज्य बनेको छ। ४,००० भन्दा अधिक शिक्षक तथा युवा स्वयंसेवकहरूको स्वैच्छिक प्रयासमार्फत चारवटा एफ.एल.एन.ए.टी. मूल्याङ्कनको अवधिमा दुई वर्ष भित्रमा लगभग १५,००० जना वयस्कहरू साक्षर बनेका छन्। यो उपलब्धि **विकसित सिक्किम @२०४७** को यात्रामा एउटा महत्त्वपूर्ण कोशेढुङ्गा बनेको छ।

प्रारम्भिक शिक्षाद्वारा बाल-बालिकाको बलियो शैक्षिक आधार बाल्यकालबाटै तयार हुन्छ। यसै विश्वासका साथ सिक्किमले देशमै पहिलोपल्ट सबै सरकारी विद्यालयमा किन्डरगार्टन (प्रारम्भिक बाल शिक्षा) प्रणाली लागू

गरेको छ।हालसम्म ६६ वटा आँगनवाडी केन्द्रहरूलाई विद्यालयसँग एकीकृत रूपमा सञ्चालित गरिएको छ। सबै पूर्व-प्राथमिक र प्राथमिक शिक्षकहरूलाई प्रारम्भिक बाल हेरचाह तथा शिक्षा (ई.सि.सि.ई.) सम्बन्धी प्रशिक्षण प्रदान गरिँदैछ। 'विद्या प्रवेश कार्यक्रम', 'जली फोनिक्स' र 'जोडो ज्ञान' पहलहरूले खेल आधारित तथा बालकेन्द्रित शिक्षण पद्धतिमार्फत आधारभूत अध्ययनलाई सशक्त बनाइरहेका छन्।

विद्यालय शिक्षालाई अझ सुदृढ बनाउन सिक्किमले पाठ्यक्रम सुधाशिक्षक प्रशिक्षण, मूल्याङ्कनमा सुधार तथा आधारभूत साक्षरता बढ़ाउन अजीम प्रेमजी विश्वविद्यालयसँगको सहकार्यलाई निरन्तरता दिएको छ।

निपुण पहल अन्तर्गत जोडो ज्ञानसँगको सहकार्यमा सबै ७६५ वटा सरकारी विद्यालयमा लागू गरिएको **मुख्यमन्त्री विशेष गणितीय दक्षता कार्यक्रम (सि.एम-एस.एन.पि)** ले गणित अध्ययनमा रूपान्तरण गरेको छ। वित्त वर्ष २०२५-२६ मा लगभग १,१०० जना शिक्षकलाई प्रशिक्षण प्रदान गरियो भने २ वर्षको अवधिमा आधार भूत गणितीय समस्या समाधान गर्न सक्षम बाल-बालिकाको संख्या १७ प्रतिशतबाट बढेर ७२ प्रतिशत पुगेको छ। यो कार्यक्रम अब कक्षा ३ र त्यो भन्दा मुनिको तहसम्म विस्तार गरिनेछ। यससँगै, एस.सि.ई.आर.टि. र डाइटका प्राध्यापकमार्फत भाषा तथा साक्षरता कार्यक्रम सञ्चालित छ, जस अन्तर्गत ७८ जना मार्ग दर्शक शिक्षकहरूले राज्य भरिका ७६५ जना शिक्षकलाई सहयोग प्रदान गरिरहेका छन्।

दिगो विकास लक्ष्य-४ अनुरूप तयार गरिएका कक्षा १ देखि ५ सम्मका नयाँ पाठ्य पुस्तकहरूमा दिगो विकास, स्थानीय परिवेश तथा बालमैत्री शिक्षण पद्धतिलाई समावेश गरिएको छ। यसलाई शिक्षा मन्त्रालयले प्रशंसा गर्दै अन्य राज्यहरूका लागि नमूनाको रूपमा सिफारिस गरेको छ।

दिगो विकास लक्ष्य (एस.डि.जि-४) अनुसार सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने उद्देश्यले सरकारले विशेष आवश्यकता भएका १,००० भन्दा अधिक बाल-बालिकालाई विशेष शिक्षक, सहायक शैक्षिक सामग्री, घरमै शिक्षा, भारतीय साङ्केतिक भाषा तथा डिजिटल प्रविधिको माध्यमबाट आवश्यक सहयोग उपलब्ध गराइरहेको छ।प्रशस्त एप-मार्फत प्रारम्भिक तथा ३० वटा विद्यालयमा शुरू गरिएको परियोजना 'सेतु'-ले विशेष आवश्यकता भएका बाल-बालिकालाई गुणस्तरीय शिक्षा दिन सहयोग गरिरहेको छ। यसअन्तर्गत प्रत्येक विद्यार्थीका लागि व्यक्तिगत अध्ययन योजना, शिक्षकलाई प्रशिक्षण तथा डिजिटल माध्यमबाट नियमित अनुगमनको व्यवस्था गरिएको छ। **मिशन माया,** कार्यक्रम पहिलो पल्ट नाम्चीमा शुरू गरिएको थियो, जहाँ विद्यालय बाहिररहेका ३०२ जना बाल-बालिकालाई पहिचान गरिएको थियो। अब विभिन्न सरकारी विभागको सहकार्यमा यस कार्यक्रमलाई राज्य भरि विस्तारित गरिँदैछ।

सिक्किम आधुनिक विद्यालय अधिनियम, २०२५ अन्तर्गत स्थापना गरिएको **मुख्यमन्त्री आदर्श विद्यालय (सि.एम.एम.एस.)** सार्वजनिक शिक्षाको क्षेत्रमा एक रूपान्तरणकारी कदमको रूपमा रहेको छ। आसाम लिङ्जेमा सञ्चालन भइरहेको आदर्श आवासीय विद्यालयले हाल कक्षा ६ र ७ का १२३ जना विद्यार्थीहरूलाई निःशुल्क शिक्षा, आवासीय सुविधा तथा समग्र विकासका अवसरहरू प्रदान गरिरहेको छ। कृत्रिम बुद्धिमत्ता (ए.आई.), कोडिङ, रोबोटिक्स, रकेट निर्माण, व्यावसायिक शिक्षा, खेलकूद र कलालाई एकीकृत गर्दै सि.एम.एम.एस.-लाई भविष्यका लागि आवश्यक शिक्षा प्रदान गर्ने आदर्श विद्यालयको रूपमा विकसित गरिएको छ। अब यसलाई राज्यका अन्य जिल्लाहरूमा पनि विस्तार गर्ने योजना रहेको छ। **प्रधानमन्त्री श्री योजना-**

अन्तर्गत ४३ वटा विद्यालयलाई राष्ट्रिय शिक्षा नीति अनुरूपका सुधारहरू प्रदर्शन गर्ने आदर्श संस्थानका रूपमा पनि विकास गरिँदैछ।

शैक्षिक प्रबन्धनलाई अझ प्रभावकारी बनाउन सरकारले **विद्यालय शैक्षिक कार्यसम्पादन अनुगमन (एम.एस.ए.पि.)** कार्यक्रम शुरू गरेको छ। पहिलो राज्य शैक्षिक उपलब्धि सर्वेक्षण (एस.ए.ए.एस.) अन्तर्गत २७९ वटा विद्यालयका कक्षा ३ का १,५३८ विद्यार्थीको अङ्ग्रेजी र गणित विषय अध्ययनको मूल्याङ्कन गरिएको छ। शिक्षाको गुणस्तर सुधार गर्ने विषयमा छलफल गर्न आयोजित पहिलो शिक्षा सम्मेलनमा ३०० भन्दा अधिक अधिकारीहरूको सहभागिता रहेको थियो। वर्ष २०२२ मा गान्तोकमा स्थापित विद्या समीक्षा केन्द्रले कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङ-सक्षम अनुगमन प्रणालीमार्फत तथ्याङ्कमाथि आधारित शासन व्यवस्थालाई निरन्तर सशक्त गरिरहेको छ।

वास्तविक शिक्षाले बाल-बालिकाको मन,शरीर र आत्माको समग्र विकास गर्नुपर्छ भन्ने सरकारको दृढ़ विश्वास छ। त्यसैले विद्यालयको पाठ्यक्रममा योग, मानसिक स्वास्थ्य,मनको एकाग्रता र ध्यानलाई समावेश गरिएको छ। २१ दिने आवासीय योग शिक्षक प्रशिक्षण कार्यक्रममार्फत ८ चरणमा ८२५ जना शिक्षकलाई प्रशिक्षण प्रदान गर्दै प्रत्येक विद्यालयमा प्रमाणित योग प्रशिक्षकको व्यवस्था सुनिश्चित गरिएको छ। हार्टफुलनेस एड्डुकेसन ट्रस्टको सहकार्यमा सञ्चालन भइरहेको मानसिक एकाग्रता तथा ध्यान सम्बन्धी कार्यक्रम शुरूमा ६१ वटा विद्यालयमा मात्र लागू गरिएको थियो।

अहिले यो कार्यक्रम राज्यभरि विस्तार गरिएको छ र हालसम्म १,०२८ जना शिक्षकले यस सम्बन्धी प्रशिक्षण प्राप्त गरिसकेका छन्।

व्याव सायिक शिक्षा अहिले राज्यका सबै सरकारी माध्यमिक र उच्च माध्यमिक विद्यालयमा विस्तार गरिएको छ। हाल २११ वटा विद्यालयमा विभिन्न व्यावसायिक विषयको अध्ययन सञ्चालनमा छ। २०२४-२५ सत्रमा १५,२५८ भन्दा अधिक विद्यार्थीले व्यावसायिक शिक्षा कार्यक्रममा भर्ना लिएभने वर्ष २०२० देखि २०२४ सम्म ३१,००० भन्दा बढी विद्यार्थीहरूले कौशल प्रमाणपत्र प्राप्त गरिसकेका छन्। विज्ञान, प्रविधि, अभियान्त्रिकी र गणित (एस.टि.ई.एम.) शिक्षालाई सुदृढ बनाउन सरकारले आई.आई.एस.ई.आर, पुणेसँग सम्झौतापत्रमा हस्ताक्षरगरेको छ। यस अन्तर्गत हालसम्म राज्यका सबै जिल्लाका ७४४ जना शिक्षकलाई प्रशिक्षण प्रदान गरिसकिएको छ भने चालू वर्षमा थप ४०० जना शिक्षकलाई प्रशिक्षण प्रदान गरिनेछ।

वर्ष २०२२ मा शुरू गरिएको **बहिनी योजना-**अन्तर्गत हाल लगभग १६,००० छात्राले प्रत्येक वर्ष निःशुल्क स्यानिटेरी प्याड प्राप्त गर्दै आएका छन्। यस योजनाले किशोरीहरूको सम्मान, विद्यालयमा नियमित उपस्थिती र पढाइलाई निरन्तरता दिन महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ। यो पहल सर्वोच्च न्यायालयले महिनावारी स्वच्छतालाई मौलिक अधिकार घोषित गर्नु अघि नै शुरू गरिएको थियो।

राज्य योजना अन्तर्गत लगभग १०० वटा प्राथमिक विद्यालय भवनलाई सहयोग प्रदान गरी विद्यालय पूर्वाधारलाई पनि सुदृढ बनाइँदैछ। चयनित विद्यालयहरूमा वर्षाको पानी सङ्कलन, सोलर प्यानल तथा पर्यावरणमैत्री सुविधासहित हरित विद्यालयको रूपमा विकसित गरिँदैछ। **जीवन्त ग्राम कार्यक्रम-**अन्तर्गत ४६ वटा सीमावर्ती गाउँहरूको पूर्वाधार स्तरोन्नति भइरहेको छ।

**सिक्किम राज्य आदिम तथा लोपोन्मुख भाषा बोर्ड-**ले राई, तामाङ, गुरूङ, शेर्पा, मुखिया, नेवार र मगरलगायतका आदिम भाषाहरूको संरक्षण र

प्रवर्द्धनलाई अध्ययन सामग्री, परीक्षा, शिक्षक प्रशिक्षण तथा प्रमाणपत्र कार्यक्रममार्फत निरन्तर अघि बढ़ाइरहेको छ।

शैक्षिक उत्कृष्टता बढ़ाउने पहलहरूले उत्साहजनक परिणामहरू दिइरहेका छन्। **मुख्यमन्त्री मार्गदर्शन कार्यक्रम-**अन्तर्गत प्रत्येक वर्ष १३४ वटा केन्द्रमार्फत लगभग ५,८०० जना कक्षा १० का विद्यार्थीहरूले गहन प्रशिक्षण प्राप्त गरिरहेका छन्।यसको परिणामस्वरूप, सि.बि. एस.ई. कक्षा १० को उत्तीर्ण प्रतिशत वर्ष २०२४ को ६२ प्रतिशतबाट बढ़ेर वर्तमान वर्षमा ८४ प्रतिशत पुगेको छ। सरकारी विद्यालयहरूले २०२६ मा कक्षा १२ मा ९०.८४ उत्तीर्ण प्रतिशत हासिल गरेका छन्। सरकारले निःशुल्क राष्ट्रियस्तरको प्रशिक्षण उपलब्ध गराउन ‘साथी’ पहलअन्तर्गत आई.आई.टि कानपूरसँग सहकार्य गर्ने योजना पनि बनाएको छ।

**मुख्यमन्त्री शिक्षा सहायता योजना-**बाट हालसम्म भारत तथा विदेशमा उच्च र प्राविधिक शिक्षा क्षेत्रमा अध्ययन गरिरहेका १,३९९ जना विद्यार्थीहरूलाई सहयोग प्रदान गरिसकिएको छ। विद्यार्थीहरूको अनुभव विस्तारलाई अझ सुदृढ बनाउन अध्ययन भ्रमण कार्यक्रममार्फत प्रत्येक वर्ष करीब १८० जना विद्यार्थीलाई राज्यबाहिर र ४१८ जना विद्यार्थीलाई सिक्किमभित्र भ्रमणको अवसर प्रदान गर्रिंदै आएको छ।

शिक्षकहरू परिवर्तनका मुख्य आधार हुन् भन्ने कुरालाई स्वीकार गर्दै, दक्षिण भारत र फिनल्यान्ड भ्रमणसहित **शैक्षिक अवलोकन भ्रमण योजना-**बाट १०० भन्दा अधिक शिक्षक तथा उनीहरूका जीवनसाथीहरू लाभान्वित भएका छन्। पछिल्ला पाँच वर्षमा १४९५ जना शिक्षकहरूलाई नियमित गरिएको छ। हालै शुरू गरिएको **मेरो विद्यालय, मेरो अभियान-**ले विद्यार्थी भर्ना**,** अध्ययनमा उपलब्धी र विद्यार्थी सहभागिता सुधार गर्न स्थानीय स्तरबाट प्रेरित नयाँ समाधानहरूलाई प्रोत्साहन गरिरहेको छ।

सिक्किमको उच्च शिक्षा क्षेत्रमा पनि महत्त्वपूर्ण सुधारहरू भइरहेका छन्। तिमी तार्कु स्थित कञ्चनजङ्घा राज्य विश्वविद्यालय तीव्र गतिमा निर्माणाधीन छ र हालसम्म करीब ६० प्रतिशत भौतिक प्रगति भएको छ।

माननीय प्रधानमन्त्रीजीले पनि अप्रेल २०२६ मा तीनवटा नयाँ उच्च शिक्षा संस्थानहरूको उदघाटन गर्नुभएको थियो,जसले दुर्गम क्षेत्रहरूमा शिक्षालाई विस्तार गरेको छ।आज सिक्किमका सबै जिल्लामा १४ वटा सरकारी महाविद्यालय र २ वटा पोलिटेक्निक संस्थानहरू सञ्चालनमा छन्।

वर्ष २०२२ देखि सरकारले सिक्किम मणिपाल चिकित्सा विज्ञान संस्थानमा सिक्किमका विद्यार्थीहरूका लागि मात्र वार्षिक ८० वटा एम.बि.बि.एस.कोटा सुनिश्चित गरेको छ, जसमा ५० वटा पूर्ण रूपमा वित्तपोषित आसन समावेश छन्।वर्तमान शैक्षिक सत्रदेखि सबै सरकारी महाविद्यालयहरूले शैक्षिक क्रेडिट ब्याङ्कको एकीकरणसहित राष्ट्रिय शिक्षा नीतिअनुरूप ४ वर्षे स्नातक कार्यक्रम लागू गर्नेछन्।

**नरबहादुर भण्डारी फेलोसिप योजना-**अन्तर्गत विश्वका उत्कृष्ट २० विश्वविद्यालयहरूमा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूले **₹५०** लाखसम्मको सहयोग प्राप्त गर्नेछन् भने **अपतन फेलोसिप-**ले क्षेत्रीय भाषा र साहित्य सम्बन्धी अनुसन्धानलाई सहयोग पुऱ्याउनेछ। **सिक्किम निजी विश्वविद्यालय अधिनियम, २०२५** ले उच्च शिक्षा संस्थानहरूका लागि पारदर्शी र जवाफदेही नियामक व्यवस्था पनि लागू गरेको छ।

नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्न बर्दाङस्थित ए.टि.टि.सि.मा स्थापित **उद्यम विकासकेन्द्र-**ले नयाँ उद्यमहरूलाई सहयोग पुऱ्याउँदै वार्षिक १०० देखि १५० रोजगारीका अवसर सिर्जना गर्नेछ, जसमा कम्तिमा ४० प्रतिशत महिला सहभागिता रहनेछ। बोस्च इन्डिया फाउन्डेसन र सिक्किम इन्स्पायर्सको सहयोगमा **चिसो पानी स्थित सि.सि.सि.टि. मा रहेको**

**प्राविधिक सीप केन्द्र**-ले युवा तथा विद्यालय छोड़ेका विद्यार्थीहरूलाई रोजगारमुखी प्रशिक्षण प्रदान गरिरहेको छ। सरकारले इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्रालयको आर्थिक सहयोगअन्तर्गत तादोङस्थित नरबहादुर भण्डारी सरकारी महाविद्यालयमा कृत्रिम बुद्धिमत्ता (ए.आई.) उत्कृष्टता केन्द्र पनि स्थापना गरिरहेको छ।

बाल्यकालको प्रारम्भिक शिक्षादेखि विश्वविद्यालय तहसम्म, समावेशी शिक्षादेखि उत्कृष्ट शिक्षासम्म, तथा स्वास्थ्य र सीप विकासदेखि रोजगारीसम्मका सबै पक्षलाई समेटेर सिक्किमले शिक्षालाई जीवनको हरेक चरणसँग जोडिएको समग्र अभियानका रूपमा अघि बढाइरहेको छ।हाम्रो लक्ष्य केवल विद्यार्थी भर्ना दर बढाउनुमात्र होइन। प्रत्येक विद्यार्थीका लागि सम्मान,समानता,गुणस्तर र अवसर सुनिश्चित गर्ने शिक्षा प्रणाली स्थापित गर्नु हो।निरन्तर सार्वजनिक निवेश र सामूहिक संकल्प लिएर सिक्किम समावेशी,जनकेन्द्रित र भविष्यका आवश्यकता अनुरूप नमूना राज्य बन्ने लक्ष्य लिएर निरन्तर अघि बढ़िरहनेछ।

***माननीय अध्यक्ष महोदय,***

स्वास्थ्य पूर्वाधार,आधुनिक तथा गुणस्तरीय जनस्वास्थ्य प्रणालीको लाभ सबैले उठाउन सकुन भनेर सरकार स्वस्थ,सक्षम र सबैका लागि समान अवसर भएको समाज निर्माण गर्ने आफ्नो संकल्पप्रति अटल रहेको छ। **'सबैका लागि स्वास्थ्य'** भन्ने लक्ष्यलाई मार्गदर्शन मान्दै सरकारले वर्ष २०१९ देखि स्वास्थ्य क्षेत्रमा व्यापक सुधारका कार्यक्रम अघि बढाएको छ। यसअन्तर्गत स्थानीय तहसम्म स्वास्थ्य सेवा सुदृढ बनाउने, उपचारका लागि राज्यबाहिर जानुपर्ने अवस्था न्यून गर्ने र राज्यवासीको स्वास्थ्य अवस्था सुधार गर्ने दिशामा उल्लेखनीय काम गरिएको छ।

जनतालाई आफ्नै जिल्लामा आधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सरकारले नाम्चीमा ५०० शय्याको जिल्ला अस्पताल र मङ्गनमा १०० शय्याको जिल्ला अस्पताल सञ्चालनमा ल्याएको छ। एस.टि.एन.एम. अस्पतालमा पूर्वसञ्चालित हृदयरोग, ग्यास्ट्रो एन्टेरोलोजी, मूत्ररोग, बाल शल्य चिकित्सा र प्लास्टिक सर्जरी सेवासँगै अब स्नायु शल्य चिकित्सा, मृगौंला रोग तथा हृदय-छाती शल्य चिकित्सा जस्ता सुपर-स्पेशालिटी सेवासमेत शुरू गरिएको छ।स्वास्थ्य विभागले हाल नियमित विशेषज्ञ टोलीको भ्रमणमार्फत जिल्ला अस्पतालहरूमा पनि सेवा उपलब्ध गराउँदै आएको छ।

राज्यले एस.टि.एन.एम. अस्पतालमा पहिलो तृतीयक क्यान्सर उपचार केन्द्र स्थापना गरेको छ। यसबाट क्यान्सरका बिरामी उपचारका लागि राज्यबाहिर जानुपर्ने आवश्यकता धेरै हदसम्म कम भएको छ।

राज्यवासीलाई जीवनरक्षक उपचार सेवा सहजरूपमा उपलब्ध होस भनेर नाम्ची, गेजिङ, मङ्गन र जोरथाङमा डायलीसिस केन्द्र स्थापित गरिएकाछन्। अझ, वर्ष २०२१ देखि एस.टि.एन.एम. अस्पतालमा पेरिटोनियल डायलीसिस सेवा पनि शुरू गरिएको छ।शहरी क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन राज्यभरि २ वटा शहरी सार्वजनिक स्वास्थ्य केन्द्र र १३ वटा शहरी स्वास्थ्य तथा कल्याण केन्द्र सञ्चालनमा ल्याइएको छ। यसबाट शहरी स्वास्थ्य सेवालाई थप सुदृढ बनाइएको छ।एस.टि.एन.एम अस्पतालमा इलेक्ट्रोफिजियोलोजी अध्ययन (ई.पि.एस),रेडियो फ्रिक्वेन्सी एब्लेसन (आर.एफ.ए) र इन्ट्राभास्कुलर अल्ट्रासाउन्ड (आई.भि.यू.एस) जस्ता आधुनिक मुटु उपचारसम्बन्धी उपकरण जडान गरिएको छ। यससँगै पूर्वी भारतमा यस्ता अत्याधुनिक प्रविधि उपलब्ध भएका थोरै क्षेत्रमध्ये सिक्किम पनि एक बनेको छ।आपातकालीन प्रसूति सेवा तथा नवजात शिशु उपचारलाई अझ प्रभावकारी बनाउन टाशीडिङ र रङ्गेलीका प्राथमिक स्वास्थ्य केन्द्र (पि.एच.सि) तथा

जोरथाङ सामुदायिक स्वास्थ्य केन्द्र (सि.एच.सि) लाई फर्स्ट रेफरल युनिटका रूपमा स्तरोन्नति गरिएको छ।

हामीले आधुनिक उपचार सेवा र जटिल शल्यक्रियाको क्षेत्रमा पनि उल्लेखनीय प्रगति हासिल गरेका छौं। एस.टि.एन.एम. अस्पतालले राज्यमै पहिलोपल्ट स्त्रीहरूमा हुने क्यान्सरको शल्यक्रिया, घुँडाको पूर्ण प्रत्यारोपण, हाइपरथर्मिक इन्ट्रापेरिटोनियल किमोथेरापी (एच.आई.पि.ई.सी), ओभरियन क्यान्सरको उपचार, रेडियल आर्टेरी एन्युरिज्म सर्जरी तथा स्नायु, मुटु र मूत्ररोग सम्बन्धी धेरै जटिल शल्य क्रियाहरू सफलता पूर्वक सम्पन्न गरेको छ। हालसम्म १०० भन्दा अधिक जटिल महिला क्यान्सरको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ। यसरी नैआँखा (रेटिना) र मुटुसम्बन्धी विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी नागरिकलाई उपचार सेवा प्रदान गरिँदै आएको छ।

गम्भीर रोगको उपचारका कारण परिवारमा पर्ने आर्थिक भारलाई कम गर्न सरकारले आफ्ना प्रमुख स्वास्थ्य सहायता योजनालाई अझ सुदृढ़ बनाएको छ। २०१९ देखि हालसम्म **मुख्यमन्त्री स्वास्थ्य सुविधा योजना-**अन्तर्गत राज्यबाहिर उपचारका लागि ६,८३८ जना बिरामीलाई आर्थिक सहायता प्रदान गरिएको छ।

वित्तीय वर्ष २०२३-२४ देखि हालसम्म **मुख्यमन्त्री चिकित्सा सहायता योजना-**अन्तर्गत ५,२९७ जना बिरामीले लाभ प्राप्त गरेका छन्। यस योजनाबाट क्यान्सर, मृगौला, मुटु, कलेजो, स्नायु रोग, सडक दुर्घटना, बोन म्यारो प्रत्यारोपण, घुँडा तथा जोर्नी प्रत्यारोपण जस्ता गम्भीर रोगको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराइएको छ।

**मुख्यमन्त्री वात्सल्य योजना-**अन्तर्गत २०२२ देखि हालसम्म ८१६ जना महिलाले आई.भि.एफ. (कृत्रिम गर्भाधान) उपचारका लागि आर्थिक

सहायता प्राप्त गरेका छन्। यसबाट धेरै परिवारले सन्तान प्राप्त गर्ने आफ्नो सपना पूरा गर्न सकेका छन्।

जन स्वास्थ्यसम्बन्धी उपलब्धिहरू निरन्तर प्रशंसनीय रहेका छन्। कडा रोकथामका उपाय अपनाउँदै आएका कारण सिक्किममा रेबिजबाट हुने मानव मृत्यु लगभग शून्य भएको छ। मलेरिया र काला अजार-का रोगीहरूको संख्या पनि राज्यमा निकै कम भएको छ।वैश्विक युवा तम्बाकू सर्वेक्षणअनुसार युवामा सुर्तीजन्य पदार्थको प्रयोग घटेर २४.६ प्रतिशतमा पुगेको छ, जसलाई राष्ट्रियतम्बाकू नियन्त्रण कार्यक्रमअन्तर्गत निर्मूलन गरिएको हो। २०२४ देखि २०२६ सम्म ४३८ वटा शैक्षिक संस्थानलाई तम्बाकू पदार्थमुक्त घोषणा गरिएको छ।

राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रमअन्तर्गत सिक्किमले राष्ट्रिय लक्ष्यभन्दा अघि नै टिबिमुक्त राज्य बन्ने दिशामा उल्लेखनीय प्रगति हासिल गरेको छ।**टि.बि. मुक्त ग्राम पञ्चायत** अभियानअन्तर्गत २०२४ मा राज्यका ५१ वटा ग्राम पञ्चायत एकाइलाई टिबिमुक्त घोषणा गरियो। यसका साथै,२०१५ को तुलनामा टि.बि.का बिरामीको संख्या २० प्रतिशतले घटाउन सफल भएकोमा राज्यले काँस्य पदक प्राप्त गरेको छ। ५० लाखभन्दा कम जनसंख्या भएका राज्यहरूको क्षयरोग (टि.बि.) सूचकाङ्कमा सिक्किम लगातार ३ वर्षदेखि देशकै उत्कृष्ट प्रदर्शन गर्ने राज्य बनेको छ।

राज्यको खोप कार्यक्रमले निरन्तर रूपमा उत्कृष्ट उपलब्धि हासिल गरिरहेछ। सिक्किम एम.एम.आर. तथा हेपाटाइटिस-बि विरुद्धको खोप शुरू गर्ने भारतकै पहिलो राज्य हो। मजबूतकोल्ड-चेन प्रणालीतथा समुदायको सक्रिय सहभागिताका कारण राज्यले देशकै उच्च खोप दर कायम राख्दै आएको छ।

आमा र बाल-बालिकाको स्वास्थ्यसम्बन्धी सूचकहरूमा पनि उल्लेखनीय सुधार आएको छ। आर्थिक वर्ष २०२५-२६ मा संस्थागत प्रसवको संख्या ९९.६४ प्रतिशत पुगेको छ। त्यसैगरी, प्रारम्भिक गर्भजाँच दर्ताको संख्या ७६.७ प्रतिशतबाट सुधार भएर ८४.०१ प्रतिशत पुगेको छ। जन्मेको एक घण्टाभित्रै स्तनपान गराउने दर बढेर ९२.८१ प्रतिशत पुगेको छ। राज्यमा प्रति १,००० जीवित शिशु प्रजननमा मृत्युदर केवल ६ रहेको छ,जुन राष्ट्रिय औसतभन्दा कम हो।नवजात शिशुको उपचारलाई अझ प्रभावकारी बनाउन राज्यका विभिन्न जिल्लामा विशेष नवजात शिशु उपचार कक्ष (एस.एन.सि.यू.) तथा नवजात शिशु स्टाबिलाईजेसन कक्ष स्थापित गरिएको छ।

सरकारले किशोर स्वास्थ्य,विद्यालय स्वास्थ्य तथा रोग रोकथामसम्बन्धी स्वास्थ्य पहलहरूलाई निरन्तर सुदृढ बनाउँदै आएको छ। **राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रम** अन्तर्गत वर्ष २०२५-२६ मा ४०,००० भन्दा अधिक किशोर-किशोरीले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। साप्ताहिक आइरन र फोलिक एसिड पूरक कार्यक्रम १०० प्रतिशतसफल बनेको छ। विद्यालय स्वास्थ्य तथा आरोग्य कार्यक्रमअन्तर्गत ७६० जना स्वास्थ्य तथा आरोग्य दूतलाई प्रशिक्षण प्रदान गरिएको छ। यस कार्यक्रमअन्तर्गत शतप्रतिशत प्रशिक्षण उपलब्धि हासिल गरेकोमा सिक्किमले राष्ट्रिय पुरस्कार प्राप्त गरेको छ।

मानसिक स्वास्थ्यको प्रवर्द्धन र आत्महत्या रोकथाम सरकारका प्रमुख प्राथमिकता मध्ये एक रहेको छ। आत्महत्या रोकथाम कार्य सञ्जाल कार्यक्रम अन्तर्गत वर्ष २०२० देखि २०२४ सम्म ३६,००० भन्दा बढी व्यक्तिको मानसिक स्वास्थ्य जाँच गरिएको छ भने १८,००० भन्दा अधिकलाई परामर्श सेवा प्रदान गरिएको छ।

आत्महत्या रोकथामका लागि राज्यले २४ घण्टा सञ्चालन हुने सहायता सेवा शुरू गरेको छ। जिल्ला मानसिक स्वास्थ्य कार्यक्रम र टेलि-मानस सेवालाई सुदृढ बनाउँदै सिक्किम भरि सबैलाई सहज मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ।

सरकारले भारतीय जनस्वास्थ्य मापदण्ड (आई.पि.एच.एस) अनुसार सरकारी स्वास्थ्य संस्थानहरूलाई अझ सुदृढ बनाउने कार्यमा विशेष ध्यान दिएको छ। राष्ट्रिय स्वास्थ्य अभियान अन्तर्गत प्रणालीगत दूरी मूल्याङ्कन तथा लक्षित सुधारात्मक कार्यमार्फत धैरै प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य तथा आरोग्य केन्द्र र जिल्ला अस्पतालहरूको स्तरोन्नति तथा नवीकरण गरिएको छ। यसको परिणामस्वरूप राज्यमा भारतीय सार्वजनिक स्वास्थ्य मापदण्ड (आई.पि.एच.एस) अनुरूप स्वास्थ्य संस्थाको अनुपालन २०१९ को ११ प्रतिशतबाट बढ़ेर मार्च २०२६ सम्ममा ३१ प्रतिशत पुगेको छ। अब सरकारले पूर्वाधार विस्तार,आवश्यक जनशक्ति भर्ती र औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थालाई थप सुदृढ बनाउँदै निकट भविष्यमा यसलाई ५० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राखेको छ।

चिकित्सा शिक्षा प्रभागले दक्ष जनशक्ति विकास र शैक्षिक संस्थाहरूको क्षमता विस्तार गर्ने कार्यलाई पनि निरन्तर अघि बढाएको छ। २०१९ देखि हालसम्म ६६ जना कार्यरत चिकित्सक र ५९ जना नर्सलाई उच्च अध्ययन तथा विशेष प्रशिक्षणका लागि प्रायोजित गरिएको छ। सिक्किम सरकारी फार्मेसी कलेज, नर्सिङ प्रशिक्षण केन्द्र तथा पारामेडिकल प्रशिक्षण केन्द्रको पूर्वाधार विकास गरिएको छ भने २०२५ मा भारत सरकारले नयाँ नर्सिङ कलेज स्थापना गर्न स्वीकृति प्रदान गरेको छ।

स्वास्थ्य सेवामा डिजिटल प्रविधिविस्तारका लागि सरकारले आयुष्मान भारत डिजिटल मिशन लागू गरेको छ। यसरी नै जन्म तथा मृत्यु दर्ता प्रणालीलाई डिजिटल बनाइएको छ भने रोगी प्रबन्धनका लागि एच.एम.आई.एस. आधारित प्रणाली लागू गरिएको छ। **आयुष्मान भारत प्रधानमन्त्री जनआरोग्य योजना (पि.एम-जे.ए.वाई)** अन्तर्गत वर्ष २०१९ देखि अहिलेसम्म ४५,६३३ भन्दा अधिकलाभार्थीले निःशुल्क उपचार सेवा प्राप्त गरिसकेका छन्।

आज, सिक्किमले शिशु मृत्युदर, नवजात शिशु मृत्युदर तथा संस्थागत प्रसव जस्ता धैरै महत्त्वपूर्ण स्वास्थ्य सूचकमा राष्ट्रिय औसतभन्दा राम्रो उपलब्धि हासिल गरेको छ। यो सफलता सार्वजनिक स्वास्थ्य क्षेत्रमा गरिएको निरन्तर लगानी र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमहरूको सकारात्मक परिणाम हो।आगामी दिनमा सरकारले स्वास्थ्य पूर्वाधारलाई अझ सुदृढ बनाउन १०० शय्याको तृतीयक क्यान्सर उपचार केन्द्र, मनोचिकित्सा उपचार केन्द्र, साझा जैविक स्वास्थ्य फोहोर व्यवस्थापन केन्द्र तथा एस.टि.एन.एम. अस्पतालमा नयाँ बहु-विशेषतायुक्त शल्यक्रिया कक्ष स्थापना गर्ने कार्यलाई अघि बढाउनेछ।

***माननीय अध्यक्ष महोदय,***

राज्यले वन, जलवायु उत्थान शीलता, पर्यावरणीय दिगोपना तथा हरित विकासप्रतिको आफ्नो प्रतिबद्धता निरन्तर कायम राख्दै आएको छ। भारतको कुल भौगोलिक क्षेत्रफलको केवल ०.२ प्रतिशत भाग ओगटे पनि सिक्किममा देशका लगभग २६ प्रतिशत पुष्पीय जैविक विविधता पाइन्छ। यही कारण सिक्किम हिमाली क्षेत्रका सबैभन्दा समृद्ध जैवि कवि विधता युक्त क्षेत्रहरू मध्ये एक मानिन्छ। राज्यले ४७ प्रतिशत भन्दा अधिक वन क्षेत्र कायम राखेको छ भने यसको कुल भौगोलिक क्षेत्रफलको ८२ प्रतिशत भन्दा अधिक (५,८४१ वर्ग किलो मिटर) वन प्रशासन अन्तर्गत रहेको छ।

यसका साथै, राज्यको कुल भौगोलिक क्षेत्रफलको ३०.७७ प्रतिशत भाग वन्यजन्तु संरक्षित क्षेत्र सञ्जालअन्तर्गत रहेको छ, जुन देशकै उच्च अनुपातमध्ये एक हो। यसले जैविक विविधता संरक्षण, पारिस्थिति कीय सुरक्षा तथा दिगो विकासप्रति सिक्किमको निरन्तर प्रतिबद्धतालाई दर्शाउँदछ।

**सुरक्षित हिमालय कार्यक्रम-**अन्तर्गत सिक्किमले कञ्चनजङ्गा-माथिल्लो टिस्टा क्षेत्रमा संरक्षणका प्रयासहरू विस्तार गरेको छ। यसमार्फत हिउँचितुवा र रातो पाण्डा जस्ता प्रमुख वन्यजन्तुको संरक्षणलाई थप सुदृढ़ बनाउनुका साथै संवेदनशील उच्च हिमाली पारिस्थितिकीय प्रणालीको व्यवस्थापनमा पनि सुधार गरिएको छ। यी प्रयासहरूको राष्ट्रिय स्तरमा पनि सम्मान भएको छ। पर्यावरण संरक्षणका क्षेत्रमा साना राज्यहरू मध्ये उत्कृष्ट कार्यसम्पादन गरेकोमा सिक्किमलाई इन्डिया टुडे स्टेट अफ द स्टेट्स अवार्ड प्रदान गरियो।

अर्को ऐतिहासिक पहलअन्तर्गत राज्यले नागरिक र विज्ञहरूको सहभागितामा पहिलो पल्ट सार्वजनिक मतदानमार्फत **ब्लु ड्युक (बास्सारोना दुर्गा)-लाई राज्य पुतली** घोषित गरेको छ। यसले पर्यावरणीय शासनमा जन सहभागिता प्रतिको सिक्किमको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

सरकारले शासन व्यवस्थामा जनसहभागिता तथा वर्तमान र भावी पुस्ताका लागि प्राकृतिक स्रोतहरूको संरक्षणलाई सधैँ उच्च प्राथमिकता दिँदै आएको छ। यस पर्यावरणीय सम्पदाको निर्माणका लागि सरकारले **मेरो रुख मेरो सन्तति** नामक नौलो, अभिनव र अग्रणी हरित अभियान शुरू गरेको छ। यस अभियानअन्तर्गत शिशु जन्मको सम्झनामा १०८ वटा बिरूवा रोपेर आमा-बुबा, सन्तान र प्रकृतिबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने लक्ष्य राखिएको छ।

यस पहलले **सिक्किम शिशु समृद्धि योजना (एस.एस.एस.वाई.)** मार्फत वित्तीय समावेशी करणलाई पनि प्रवर्द्धन गरेको छ। यस योजनाअन्तर्गत

बिरूवा रोपण कार्य सम्पन्न भएपछि प्रत्येक योग्य बाल-बालिकाको खातामा ₹१०,८०० जम्मा गरिन्छ।

हालसम्म मेरो रुख मेरो सन्तति अभियान अन्तर्गत १०,७००भन्दा बढी पञ्जीकरण भएका छन्। ७,३४५ भन्दा अधिक स्थानमा बिरूवा रोप्ने कार्य सम्पन्न भएको छ र सिक्किम शिशु समृद्धि योजना अन्तर्गत १,९३९ भन्दा बढी खाता खोलिएका छन्। यसले यस अभियानलाई देशकै सबैभन्दा नवीन र जनकेन्द्रित पर्यावरणीय पहलहरू मध्ये एक बनाएको छ।

भारतीय वन स्थिति प्रतिवेदन (आई.एस.एफ.आर.) २०२१ अनुसार ४७.०८ प्रतिशत रहेको सिक्किमको वन क्षेत्र आई.एस.एफ.आर. २०२३ मा बढेर लगभग ४७.३३ प्रतिशत पुगेको छ। यसले पारिस्थिति कीय संरक्षण तथा दिगो विकास प्रति राज्यको अटल प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

राज्यको सीमित भौगोलिक क्षेत्रफल र बढ्दो विकासका आवश्यकता बीच हासिल भएको यो उपलब्धि विशेष रूपमा उल्लेखनीय छ। वन क्षेत्रको यो वृद्धि सिक्किमका संरक्षण नीति, बिरूवा रोपण अभियान तथा समुदायको सहभागितामा आधारित कार्यक्रमहरूको सफलताको प्रमाण हो। यसले आर्थिक विकास र वातावरण संरक्षण एकैसाथ अघि बढ्न सक्छ भन्ने दर्शाउँदै सिक्किम विकास नमुनाको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।

यसै बेला, शहरी वन प्रवर्द्धन तथा नगर र शहरहरूको जीवनस्तरमा सुधार ल्याउन विभिन्न पहलहरू पनि गरिएका छन्। गान्तोक, सोरेङ, गेजिङ, नाम्ची र पाकिम जिल्लामा नयाँ नगर वन र नगर वाटिका स्थापना गरिएका छन्, जसले शहरी तथा शहरदेखि नजिकका क्षेत्रमा ग्रीन लङ्सका रूपमा काम गर्नेछन्।

वन्यजन्तु संरक्षणमा राज्यले हासिल गरेको उल्लेखनीय सफलताका कारण सिक्किम **बाघ संरक्षण-**का लागि पनि एक महत्त्वपूर्ण क्षेत्रका रूपमा

स्थापित भएको छ। भारतीय वन्यजन्तु संस्थानसँगको सहकार्यमा वन विभागले २०२३ मा ३,६४० मिटर उँचाइमा क्यामेरा ट्र्यापमार्फत बाघको तस्बिर अभिलेख गरेको थियो, जुन त्यसबेला भारतकै सबैभन्दा उच्च उचाइमा गरिएको यस्तो अभिलेख थियो।

यसका साथै, सिक्किमको पाङ्गोलाखा वन्यजन्तु अभयारण्य र भुटानको साम्त्सेबीच बाघको आवतजावतको प्रमाणले पूर्वी हिमालय क्षेत्रमा सीमापार वन्यजन्तु सम्पर्क तथा पारिस्थितिकीय मार्गहरूको सफलतालाई दर्शाएको छ।

यस उपलब्धिलाई निरन्तरता दिँदै, जनवरी २०२४ मा क्योङ्नोस्लामा ३,९६६ मिटर उचाइमा क्यामेरा ट्र्यापमार्फत बाघको तस्बिर अभिलेख गरिएको थियो। यसबाट भारतमा बाघ अभिलेखको नयाँ उचाइ कीर्तिमान कायम गर्नुका साथै विश्वमै दोस्रो सबैभन्दा उच्च स्थलमा बाघ अभिलेखको रूपमा स्थापित भएको छ। यसले सिक्किमका उच्च हिमाली क्षेत्रहरूको पारिस्थितिकीय सुदृढ़तालाई उजागर गर्दछ।

हरियाली प्रवर्द्धनका आफ्ना पहलहरूलाई निरन्तरता दिँदै, सरकारले २०२४ मा सडक छेउका क्षेत्रहरूलाई हरियाली र जीवन्त हरित मार्गमा रूपान्तरण गर्ने उद्देश्यले **मेरो बाटो, मेरो बोट (एम.बि.एम.बि.)** अभियान शुरू गरेको छ। २०२५ मा विभिन्न योजना मार्फत राज्यका विभिन्न जिल्लामा कुल २३५.११ किलोमिटर सडक छेउ बिरूवा रोपण गरियो।

यस कार्यक्रमले सजावटी तथा फूल फुल्ने बिरूवाका प्रजातिहरू रोपेर विषयगत र रङ्ग अनुसारको रोपण ढाँचा अपनाउँदै सडक छेउमा आकर्षक हरित मार्गहरू विकास गर्न प्रवर्द्धन गर्दछ। राज्यको प्राकृतिक सौन्दर्य बढाउनुका साथैबिरूवा रोपणले सडक छेउको पारिस्थिति कीय प्रणालीमा सुधार

ल्याउँछ,जैविक विविधतालाई सहयोग पुऱ्याउँछ अनि स्वच्छ, हरित तथा दिगो पर्यटन गन्तव्यका रूपमा सिक्किमको पहिचानलाई अझ सुदृढ बनाउँछ।

२०२५ को सबैभन्दा महत्त्वपूर्ण पर्यावरणीय उपलब्धि २ फेब्रुअरी २०२५ मा **खेचिपेरी सिमसार क्षेत्रलाई सिक्किमको पहिलो रामसार क्षेत्र**-का रूपमा घोषणा गरिनु हो। यो अन्तर्राष्ट्रिय मान्यताले यस पवित्र सिमसार क्षेत्रको पारिस्थितिक, सांस्कृतिक तथा आध्यात्मिक महत्त्वको संरक्षण र प्रवर्द्धन गर्न सरकारले निरन्तर गर्दै आएका प्रयासहरूको पुष्टि गरेको छ।

राज्यले वन सुशासनमा पनि डिजिटल प्रणालीको प्रयोगलाई अपनाएको छ। १४ जुलाई २०२५ मा शुरू गरिएको **डिजिटल चेकपोस्ट**-ले निकै उत्साहजनक परिणाम देखाएको छ। वन विभागको डिजिटल ड्यासबोर्डले डिजिटल अनुमति पत्र तथा राजस्व सङ्कलन प्रणालीको सफलतालाई दर्शाएको छ। यस प्रणालीमार्फत चालु वर्ष २०२६ मा **₹**१०.१ करोड भन्दा अधिक राजस्व सङ्कलन भएको छ।

यस प्रणालीले वनजन्य सामग्रीको ओसारपसारमा कार्यक्षमता, पारदर्शिता, अनुमति जाँच प्रक्रिया र राजस्व व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याएको छ। यसले वन क्षेत्रमा डिजिटल प्रणाली अपनाउने दिशामा पनि महत्त्वपूर्ण कदम चालेको छ।

नागरिकमुखी शासन व्यवस्थालाई अझ सुदृढ बनाउँदै, सरकारले अनलाइन मार्किङ आदेश प्रणाली लागू गरेको छ। यस प्रणालीमार्फत नागरिकहरूले निजी जमीनमा रुख काट्ने अनुमतिका लागि डिजिटल रूपमा आवेदन दिन सक्नेछन्, जसले कागजी प्रक्रिया घटाउनुका साथै स्वीकृति प्रक्रियालाई सहज बनाएको छ। हालसम्म कुल १२,६५८ वटा अनलाइन मार्किङ आदेश जारी गरिएका छन्।

सिक्किमको बाह्य स्थान संरक्षण प्रतिको प्रतिबद्धताले पनि उल्लेखनीय परिणामहरू हासिल गरेको छ। १५ जून २०२५ मा बुलबुलेस्थित हिमालयन प्राणी उद्यानमा लक्की (द्वितीय) र मिराकको जोडीबाट दुईवटा रेड पाण्डाका बच्चाको जन्म भएको अभिलेख गरिएको छ। यो उनीहरूको पहिलो सन्तान हो भने **रेड पाण्डा संरक्षण प्रजनन कार्यक्रम-**अन्तर्गतको एक महत्त्वपूर्ण उपलब्धि पनि हो।

बन्दी अवस्थामा रहेका रातो पाण्डाहरूको संख्यामा गम्भीर असर पारेको क्यानाइन डिस्टेम्पर (कुकुरमा लाग्ने संक्रामक रोग) को प्रकोपका कारण ७ वर्षको अन्तरालपछि यो पहिलो सफल प्रजनन भएका कारण यो जन्म विशेष रूपमा महत्त्वपूर्ण छ। यस कार्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वंशानुगत अभिलेख प्रणालीमार्फत रातो पाण्डाको आनुवंशिक विविधता संरक्षण गर्न सहयोग पुर्‍याउँछ। यो सिक्किममा लोपोन्मुख रातो पाण्डा संरक्षणको क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि हो।

२०२६ मा मङ्गन जिल्लामा दुर्लभ **मिश्मी टाकिन-**को बथान देखिनु तथा **यूरेसियाइ लिङ्क्स-**को तस्बिरसहित अभिलेखीकरण हुनुले वन्यजन्तु संरक्षणप्रति सरकारको निरन्तर प्रतिबद्धतालाई थप पुष्टि गरेको छ।मिश्मी टाकिन पूर्वी हिमालयमा मात्र पाइने दुर्लभ उच्च हिमाली बाख्रा-मृग प्रजाति हो। यो आफ्नो लुकेर बस्ने स्वभावका लागि परिचित छ र यस क्षेत्रका सबैभन्दा महत्त्वपूर्ण हिमाली स्तनधारी जनावरहरूमध्ये एक मानिन्छ। त्यसैगरी, सिक्किममा युरेसियाइ लिङ्क्सको तस्बिर अभिलेख पनि अत्यन्त महत्त्वपूर्ण उपलब्धि रह्यो। पूर्वी हिमालय क्षेत्रभरि यस प्रजातिको यो केवल दोस्रो प्रमाणित तस्वीर अभिलेख हो। यी असाधारण खोजहरूले सिक्किमको पारिस्थितिकीय समृद्धिलाई उजागर गर्नुका साथै राज्यको अद्वितीय जैविक विविधता र संवेदनशील हिमाली

पारिस्थितिकीय प्रणालीको संरक्षणका लागि सरकारले निरन्तर गर्दै आएका प्रयासहरूको सफलतालाई पुनः पुष्टि गरेका छन्।

सरकारले भविष्यलाई ध्यानमा राखेर पर्यावरण संरक्षणलाई अघि बढाउँदै दिगो आम्दानी सिर्जना गर्न कार्बन बजारका अवसरहरूको सक्रिय रूपमा खोजी गरिरहेको छ। सम्भाव्यता अध्ययनले कार्बन क्रेडिट परियोजनाका लागि लगभग १,८१२ हेक्टेर जमीन उपयुक्त रहेको पहिचान गरेको छ। यस परियोजनाको अवधिमा लगभग २,९४,००० देखि ३,०२,००० हजारसम्म कार्बन क्रेडिट उत्पादन हुन सक्ने सम्भावना रहेको छ।

राज्यको समृद्ध वन सम्पदा र जलवायुमैत्री पहललाई आधार बनाएर यी प्रयासहरूले जलवायु वित्त आकर्षित गर्ने, पारिस्थितिक प्रणालीको पुनर्स्थापनामा सहयोग पुऱ्याउने,ग्रामीण जीविको पार्जन सुदृढ़ गर्ने तथा सिक्किमको दीर्घकालीन हरित विकास र दिगो विकासका लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यी सबै उपलब्धिहरूले संयुक्त रूपमा सिक्किमलाई **भारतको हरित राज्यको** रूपमा पहिचान दिलाएका छन्। जैव विविधता संरक्षण,जलवायु उत्थानशीलता, पर्यावरणीय सुशासन, पारिस्थितिक पुनर्स्थापना तथा दिगो विकासका क्षेत्रमा राष्ट्रिय अग्रणी राज्यका रूपमा स्थापित गर्दै देशका लागि दिगो विकास र पर्यावरण संरक्षणको उत्कृष्ट उदाहरण प्रस्तुत गरेका छन्।

***माननीय अध्यक्ष महोदय,***

विकासको वास्तविक मापदण्ड जनताको समृद्धि र सशक्तीकरणमा निहित हुन्छ भन्ने सरकारको दृढ विश्वास छ। सामाजि कन्याय, समानतार समावेशी विकास कासिद्धान्तलाई आधार बनाएर सरकारले वञ्चित समुदायका

लागि अवसर विस्तार गर्ने, मानव स्रोतको विकास गर्ने, हाम्रो समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण गर्ने तथा राज्यको विकास यात्रामा समाजको कुनै पनि वर्ग पछि नपरो स्भन्ने उद्देश्यका साथ रूपान्तकारी कार्यक्रमहरू निरन्तर सञ्चालन गरिरहेको छ।

गरिबी अवस्थाबाट उठाउन र सामाजिक तथा आर्थिक उन्नतिको अवसर सिर्जना गर्न शिक्षा सबैभन्दा प्रभावकारी माध्यम हो। पूर्व-माध्यमिक र उत्तर-माध्यमिक छात्र वृत्ति मार्फत सरकारले अनुसूचित जनजाति, अनुसूचित जाति, अन्य पछौटे वर्ग, आर्थिकरूपमा कमजोर वर्ग तथा अल्प संख्यक समुदायका विद्यार्थीहरूलाई आर्थिक बोझ बिनैगुण स्तरीय शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको छ।

यी निवेशहरूले विद्यालयमा विद्यार्थी टिकाइराख्ने दर बढाएको, बीचमै पढाइ छोड्ने दर घटाएको, उच्च तथा व्यावसायिक शिक्षामा भर्ना बढाएको र राज्यको दक्ष जनशक्ति आधारलाई अझ सुदृढ़ बनाएको छ। योग्य विद्यार्थीहरूलाई आफ्ना आकांक्षा पूरा गर्न सक्षम बनाउँदै, सरकारले अझ उत्पादनशील, प्रतिस्पर्धी र ज्ञानमा आधारित अर्थतन्त्रको बलियो आधार तयार गरिरहेको छ।

गुण स्तरीय स्वास्थ्य सेवा उत्पादन शीलता बढाउन र जीवनस्तर सुधार्न अत्यावश्यक रहेको कुरा मनन गर्दै, सरकारले स्वास्थ्य पूर्वाधारको सुदृढी करणलाई पनि उच्च प्राथमिकता दिएको छ। राज्यभरि प्राथमिक स्वास्थ्य केन्द्रर प्राथमिक स्वास्थ्य उपकेन्द्रहरू स्थापना गरिएका छन्।

सोरेङ स्थित १०० शय्याको जिल्ला अस्पताल, पाकिम स्थित १०० शय्याको जिल्ला अस्पताल तथा सिङताम स्थित ३०० शय्याको जिल्ला अस्पतालको निर्माण कार्य पनि निरन्तररूपमा प्रगति तर्फ अघि बढिरहे छ।

यी निवेशहरूले विशेष स्वास्थ्य सेवामा पहुँच उल्लेखनीय रूपमा बढाउनेछन्, ग्रामीण परिवारहरूको यात्रा समय र उपचारमा आफ्नै खर्च घटाउनेछन्, आमा तथा शिशुको स्वास्थ्यमा सुधार ल्याउनेछन्, स्थानीय रोजगारी सिर्जना गर्नेछन् र राज्यको सार्वजनिक स्वास्थ्य प्रणालीलाई अझ सुदृढ तथा सक्षम बनाउनेछन्।

आर्थिक विकास सांस्कृतिक पहिचानको संरक्षणसँगै अघि बढ्नु पर्छ। त्यसैले, सरकारले जनजाति समुदाय सँग सम्बन्धित अनुसन्धान, अभिलेखी करण तथा नीति गत सहयोगका लागि राज्यको सर्वोच्च संस्थाकारूपमा रहेको **जन जाति अनुसन्धान संस्थान-**लाई अझ सुदृढ बनाएको छ।

यस संस्थानले सिक्किमका जनजाति समुदायहरूको इतिहास, रीतिरिवाज, परम्परा, लोककथा, मौखिक कथाहरू, मौलिक ज्ञान प्रणाली, संस्कार, भाषा तथा सांस्कृतिक अभ्यासहरूको व्यवस्थित रूपमा अभिलेखी करण गरिरहेको छ। यी मध्ये धेरै कुरा पुस्तौँ देखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका छन्। यस पहलले अमूल्य अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्नुका साथै अनुसन्धान, प्रमाणमा आधारित नीति निर्माण, पाठ्यक्रम विकास, सांस्कृतिक पर्यटन र पुस्तौँ-पुस्ता सम्मज्ञान हस्तान्तरणमा सहयोग पुग्ने स्थायी अभि लेख तयार गर्नेछ। यस बाट सरकारले आदि म समुदायको पहिचान  र गौरवको संरक्षण गर्नुका साथै सिक्किमको विशिष्ट सांस्कृतिक सम्पदालाई अझ सुदृढ़ बनाइर हेको छ।

यसैगरी, सरकारले बौद्ध विकास योजनामार्फत सांस्कृतिक संरक्षण र मानव विकासलाई एकसाथ अघि बढाउने एउटा अग्रणी पहल पनि शुरू गरेको छ।

भिक्षु तथा नवदीक्षित भिक्षुहरूका लागि गुण स्तरीय छात्रावास र आवश्यक आवासीय पूर्वा धारनिर्माण गरी बौद्ध शिक्षा सुदृढ़ बनाउन १० वटा गुम्बाका लागि परि योजनाहरू स्वीकृत गरिएका छन्।

यस कार्यक्रमले जीवनस्तर सुधार गर्नुका साथै सिक्किमको शताब्दियौं पुरानो बौद्ध परम्पराको संरक्षणमा योगदान पुऱ्याउँछ। ज्ञान र संस्कृतिको निरन्तर विकास केन्द्रका रूपमा रहेका संस्थाहरूलाई सुदृढ़ बनाउँछ, निर्माण कार्यका क्रममा स्थानीय रोजगारी सिर्जना गर्छ र बौद्ध सम्पदा, आध्यात्मिक अध्ययन तथा सांस्कृतिक पर्यटनका लागि अन्तर्राष्ट्रिय स्तरमा परिचित गन्तव्यका रूपमा सिक्किमको पहिचानलाई अझ बलियो बनाउँछ।

यी पहलहरूको समग्र प्रभाव व्यक्तिगत कल्याण भन्दा धेरै फराकिलो रहेको छ। शिक्षामा गरिएको निवेशले दक्षजन शक्ति तयार गरिरहेको छ; स्वास्थ्य पूर्वा धारले उत्पादन शीलता बढाउनुका साथै आर्थिक कठिनाइ घटाउन सहयोग गरिरहेको छ: जन जातिविका सकार्यक्रमहरूले मौलिक ज्ञानको संरक्षण गर्दै सांस्कृतिक पहिचानलाई बलियो बनाइरहेका छन्: बौद्ध विकास योजनाले मान वविकास मानिवेश गर्दै सिक्किमको आध्यात्मिक तथा सांस्कृतिक सम्पदालाई सुदृढ़ बनाइ रहेको छ; र सामाजिक सुरक्षा कार्यक्रमहरूले समानता, सम्मान तथा सामाजिक एकतालाई अझ मजबुत बनाइ रहेका छन्।

यसका साथै,सरकारले समाजका कमजोर वर्गका लागि विभिन्न सहयोगका कार्यक्रमहरू अघिदेखि नै सञ्चालन गरिरहेको छ र यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिन प्रतिबद्ध रहेको छ।

यी सबै पहलहरूले जनताको जीवनस्तर सुधार्न, सबै क्षेत्रको समान विकास गर्न, असमानता घटाउन र समुदायलाई अझ बलियो बनाउन सहयोग पुऱ्याइरहेका छन्।

***माननीय अध्यक्ष महोदय,***

सिक्किमलाई **कच्चा घरमुक्त राज्य** बनाउने हाम्रो प्रतिबद्धता पूरा गर्न हामी दृढ़तापूर्वक अघि बढ़िरहेका छौँ। यसै परिकल्पनासहित, सरकारले **सिक्किम गरिब आवास योजना (एस.जि.ए.वाई.)** शुरू गरेको हो। यो रूपान्तरणकारी पहल प्रत्येक परिवारलाई सुरक्षित, भरपर्दो र सम्मानजनक आवासको पहुँच सुनिश्चित गर्ने उद्देश्यले थालिएको हो।

दुर्गम गाउँहरूमा बसोबास गर्ने असङ्ख्य परिवारहरूका लागि पक्का घरको सपना पुस्तौँ देखि धेरै परको आकाङ्क्षा मात्र बनेर रहेको थियो। धेरै परिवारहरूले चुहिने छाना, घरका भिजेका भित्ता, कठ्याङ्ग्रिने जाडो र भारी वर्षा तथा प्राकृतिक आपदाको समयमा आफ्नो आश्रय गुमाउने निरन्तर डर सहँदै आएका थिए। एस.जि.ए.वाई यस्ता परिवारहरूका लागि आशाको किरण बनेको छ। यस योजनाअन्तर्गत योग्य लाभार्थीहरूलाई आवश्यक फर्निचर तथा आधार भूत सुविधा सहित ₹२१.५१ लाख मूल्यको पूर्ण रूपमा निर्मित पक्का घर उपलब्ध गराउँदै आइएको छ।

अहिले सम्म ४,०५० वटा एस.जि.ए.वाई. घरहरू निर्माण सम्पन्न गरी हस्तान्तरण गरि सकिएका छन्, जसले राज्यभरिका हजारौं परिवारको जीवनमा परिवर्तन ल्याएको छ। थप १०,००० वटा घरहरूको निर्माण कार्य प्रगतिमा छ।

यद्यपि,एस.जि.ए.वाई-को वास्तविक सफलता केवल निर्माण गरिएका घरहरूको सङ्ख्याबाट मात्र मापन गर्न सकिँदैन। आफ्नै भन्न सकिने घरको चाबी प्राप्त गर्दा लाभार्थीहरूको अनुहारमा देखिने खुशीर गर्वमा यसको प्रति बिम्ब

देखिन्छ। यो त्यस्तो स्थान हो, जहाँबाल-बालिकाहरू निर्भिक भएर आफ्ना सपना देख्न सक्छन्, वृद्ध आमा-बुबाहरू आराम सँगजीवन बिताउन सक्छन् अनि परिवारहरूले सम्मान तथा सुरक्षा सहित आफ्नो भविष्य निर्माण गर्न सक्छन्।

प्रत्येक एस.जि.ए.वाई. घर सरकारको समावेशी विकास र सामाजिक न्यायप्रतिको अटल प्रतिबद्धताको प्रमाण हो। यस पहलमार्फत सरकारले केवल घर मात्र निर्माण गरिरहेको छैन; यसले विश्वास जगाउँदै, आकांक्षालाई प्रोत्साहन गर्दै र हजारौं परिवारलाई अपनत्वको अमूल्य अनुभूति तथा उज्ज्वल भविष्यको उपहार प्रदान गरिरहेको छ।

***माननीय अध्यक्ष महोदय,***

आर्थिक विकास र सामाजिक प्रगतिसँगै, सिक्किमे जनताको पहिचान, संवैधानिक सुरक्षा, सांस्कृतिक धरोहर र लोकतान्त्रिक आकांक्षासँग जोडिएका केही पुराना महत्त्वपूर्ण विषयहरू समाधान गर्न सरकार दृढ़तापूर्वक प्रतिबद्ध रहेको छ। यी विषयहरू केवल नीतिगत कुरा मात्र नभएर; हाम्रा आदिम समुदायका वास्तविक आकांक्षासँग जोडिएका छन्। यी विषयले सिक्किमको विशिष्ट ऐतिहासिक तथा संवैधानिक विरासत संरक्षण गर्ने हाम्रो सामूहिक प्रतिबद्धतालाई झल्काउँदछन्।

यस उद्देश्यका साथ सरकारले भारत सरकारसँग निरन्तर संवाद र रचनात्मक सहकार्य गर्दै आएको छ तथा यी महत्त्वपूर्ण विषयहरूको चाँड़ोभन्दा चाँडो समाधान गर्न विभिन्न ठोस पहलहरू अघि बढाएको छ। अब म यस सम्मानित सदनलाई यस सम्बन्धमा भएका प्रगतिबारे संक्षिप्तरूपमा जानकारी गराउन चाहन्छु।

## *१. सिक्किमका छुटेका १२ आदिम समुदायलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्ने विषय*

यस्तै महत्त्वपूर्ण विषयहरूमध्ये एक जनजातिको मान्यता पाउनबाट छुटेका सिक्किमका १२ आदिम समुदायलाई भारतको संविधानअन्तर्गत अनुसूचित जनजातिको सूचीमा समावेश गर्ने दीर्घकालीन माग हो।

यस मागको ऐतिहासिक महत्त्वर वास्तविकतालाई स्वीकार गर्दै सिक्किम विधानसभाले यस अघि यी समुदायहरूलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्ने पक्षमा सर्वसम्मत् प्रस्ताव पारित गरेको थियो। त्यसपछि सरकारले दीर्घकालदेखि थाँतिमा रहेको यस विषयमा सकारात्मक निर्णयका लागि माननीय प्रधानमन्त्री, माननीय केन्द्रीय गृहमन्त्री र माननीय केन्द्रीय जनजाति मामिला मन्त्रीसमक्ष प्रभावकारी ढङ्गमा आफ्ना माग र सुझाउहरू प्रस्तुत गर्दै आएको छ।

यस मागलाई थप प्रभावकारी बनाउन र ठोस जानकारी उपलब्ध गराउने उद्देश्यले सरकारले भारत सरकारको संस्कृति मन्त्रालयअन्तर्गत मानवशास्त्रीय सर्वेक्षण विभागका निर्देशक प्राध्यापक बी.भी. शर्माको अध्यक्षतामा सिक्किम राज्य उच्चस्तरीय समिति गठन गरेको थियो। सो समितिले १२ वटै समुदायको जातीय तथा सांस्कृतिक विवरणसम्बन्धी प्रतिवेदन तयार गर्ने कार्य गरेको थियो।यस समितिमा भारतका प्रमुख संस्थाहरू तथा सिक्किमभित्रका केही प्रतिष्ठित विज्ञ, विशेषज्ञ, अनुभवी अधिकारी र पेशेवर व्यक्तिहरू समावेश छन्।

नोभेम्बर २०२४ मा गठन गरिएको यस समितिले विस्तृत वैज्ञानिक, जातीय तथा ऐतिहासिक अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरेको छ। यो प्रतिवेदनले यी १२ वटै आदिम समुदायलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्न सशक्त संवैधानिक, ऐतिहासिक र सामाजिक-सांस्कृतिक आधार रहेको पुष्टि गरेको छ।

त्यसपछि समितिको प्रतिवेदन विचार र सिफारिसका लागि मन्त्री परिषद्समक्ष पेश गरिएको थियो।मन्त्री परिषद्ले सो प्रतिवेदनलाई विधिवत् स्वीकार गरेपछि सिक्किम विधानसभाले पनि सर्वसम्मतिमा प्रस्ताव पारित गरी यी समुदायहरूलाई भारत सरकारको विचारार्थ अनुसूचित जनजातिको सूचीमा समावेश गर्न सिफारिस गरेको थियो।

यी आदिम समुदायहरूको लामो समयदेखिको आकांक्षालाई उचित मान्यता दिई पूरा नभएसम्म सरकारले यस विषयलाई अटल प्रतिबद्धता र दृढ सङ्कल्पका साथ निरन्तर अघि बढाउनेछ।

## २. *सिक्किम विधानसभामा लिम्बू र तामाङ समुदायका लागि आसन आरक्षण*

अर्को महत्त्वपूर्ण विषय सिक्किम विधानसभामा लिम्बू र तामाङ समुदायका लागि आरक्षित आसनको व्यवस्था गर्नु हो।यद्यपि, यी समुदायहरूलाई वर्ष २००३ मा अनुसूचित जनजातिको मान्यता दिइएको थियो, तर पनि राज्य विधानसभामा उनीहरूका लागि आसन आरक्षणको व्यवस्था भने अझैसम्म लागू हुनसकेको छैन। यी आदिम समुदायलाई राजनीतिक प्रतिनिधित्व र सामाजिक न्याय दिलाउने दिशामा अझ धेरै काम गर्न बाँकी छ।

संविधानको धारा ३७१ एफ (एफ) ले संसदलाई सिक्किमका विभिन्न वर्गका जनताको अधिकार र हितको संरक्षण गर्न आवश्यक व्यवस्था बनाउने अधिकार प्रदान गरेको छ। विशेषगरी, यसले यस्ता वर्गका उम्मेदवारहरूले चुनाउ लड्न पाउने सिक्किम विधानसभा आसनको सङ्ख्या निर्धारण गर्ने र ती उम्मेदवारहरूले निर्वाचन लड्ने क्षेत्रहरूको सीमाङ्कन गर्ने व्यवस्था गरेको छ। यो

विशेष संवैधानिक सुरक्षाको व्यवस्था सिक्किमका सबै आदिम समुदायको समान र न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न गरिएको हो।

लिम्बू र तामाङ समुदायको पर्याप्त राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्न र उनीहरूको लामो समय देखिको आकांक्षा पूरा गर्न राज्य सरकारले भारत सरकारसँग यस उचित मागको शीघ्र समाधानका लागि निरन्तर पहल गर्दै आएको छ। सिक्किमका जनताको यो वास्तविक र संवैधानिक रूपमा न्यायोचित आकांक्षालाई भारत सरकारले न्याय, समानता र संविधानको धारा ३७१ एफ-अन्तर्गत व्यवस्था गरिएको विशेष सुरक्षाको भावनाअनुसार विशेष ध्यान दिनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

### *३. परम पावन १७औं कर्मापाको सिक्किम आगमन*

सिक्किम सरकारले बज्रयान बौद्ध पन्थको नालन्दा परम्पराका चार प्रमुख सम्प्रदाय मध्ये एक कर्मा काग्यु परम्पराका सर्वोच्च धर्मगुरु तथा १७औं कर्मापा परमपावन उगेन ट्रिन्ले दोर्जीलाई भारत फर्काउने र त्यसपछि उहाँको सिक्किमस्थित आध्यात्मिक आसनमा स्थापित गर्ने विषयमा भारत सरकारसँग सक्रियरूपमा समन्वय गरिरहेको छ।

यस ऐतिहासिक र आध्यात्मिक रूपमा महत्त्वपूर्ण अवसरलाई ध्यानमा राखेर, कर्मापाको सिक्किम प्रवास अवधि निवासको रूपमा प्रयोग गर्न सरकारले फुदोङमा एक विशेष गुम्बाको निर्माण कार्य पूरा गरेको छ।भारत सरकारले यस प्रयासमा सहयोग र समर्थन प्रदान गरेको छ। सिक्किममा परम पावनको पवित्र उपस्थितिले राज्य र जनतामाथि अपार आध्यात्मिक आशीर्वाद प्रदान गर्नेछ भन्ने विषयमा सरकार आशावादी छ। यसका साथै, सिक्किमको समृद्ध बौद्ध सम्पदा, सांस्कृतिक परम्परा र आध्यात्मिक विरासतलाई अझ बलियो बनाउनेछ।

## ४. भोटिया, लेप्चा र लिम्बू भाषालाई संविधानको आठौँ अनुसूचीमा समावेश गर्ने विषय

सिक्किम समृद्ध र विविध भाषिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न राज्य हो। राज्यका प्रमुख आदिम भाषाहरूमध्ये भोटिया, लेप्चा र लिम्बू भाषा पर्दछन्। यी भाषा राज्यवासीको सामाजिक-सांस्कृतिक पहिचान र परम्परासित गहिरोसँग जोडिएका छन्। यी भाषाहरू राज्यभरि व्यापक रूपमा बोलिने मात्र होइनन्, विद्यालय, महाविद्यालय र सिक्किम विश्वविद्यालयमा समेत स्नातकोत्तर तथा विद्यावारिधि तहसम्म औपचारिक रूपमा अध्ययन पनि हुँदै आएका छन्।

आफ्नै लिपि, व्याकरण र समृद्ध साहित्यिक परम्परा भएका र परम्परागत ज्ञानको ठूलो भण्डार बोकेका यी भाषाहरूको ऐतिहासिक, सांस्कृतिक र शैक्षिक महत्त्वलाई ध्यानमा राख्दै भारतीय संविधानको आठौँ अनुसूचीमा समावेश गर्न सरकारले प्रस्ताव गरेको छ।

आठौं अनुसूचिमा यी भाषाहरूको समावेशिता भारतको भाषिक विविधताको सम्मान र सिक्किमको विशिष्ट सांस्कृतिक पहिचानको स्थायी मान्यता अनुरूप हुनेछ। यसले यो अमूल्य भाषिक र सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र भावी पुस्तासम्म हस्तान्तरण गर्ने प्रयासलाई अझ बल मिल्नेछ।

यी भाषाहरूलाई संवैधानिक मान्यता दिलाउन र आउने पुस्तासम्म सिक्किमको समृद्ध भाषिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न सरकारले भारत सरकारसँगको यो दीर्घकालीन प्रयासलाई निरन्तर अघि बढाउनेछ।

***माननीय अध्यक्ष महोदय,***

यहाँको अनुमति लिँदै म वित्त वर्ष २०२६-२७ को बजेट यस गरिमामय सदनसमक्ष प्रस्तुत गर्दछु।

यो बजेटले वित्तीय अनुशासन, दिगो विकास तथा जनकल्याणप्रति सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यो बजेट राज्यको अर्थतन्त्रलाई सुदृढ़ बनाउँदै समावेशी विकासलाई प्रवर्द्धन गर्न तथा यसको प्रतिफल सिक्किमका प्रत्येक नागरिक सम्म पुऱ्याउने उद्देश्यले तयार गरिएको हो।

वित्त वर्ष २०२६-२७ का लागि कुल **₹१९,२१५ करोड़** व्ययको प्रावधान गरिएको छ। कुल **₹७६० करोड़** उसुलीको लेखापछि वित्त वर्ष २०२६-२७ को चुक्ता व्यय **₹१८,४५५ करोड़** रहेको छ।

यस व्ययको वित्तपोषणका लागि, राज्यले स्व-राजस्व, भारत सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण र विवेकपूर्ण ऋण परिचालनको सन्तुलित संयोजनमाथि निर्भरता राखेको छ।चालू वित्त वर्षका लागि प्राप्तिका अनुमानित स्रोतहरूमा **कर राजस्वबाट ₹२,२७५ करोड़, गैरकर राजस्वबाट ₹१,१२४ करोड़, केन्द्रीय करमा राज्यको अंश ₹५,११३ करोड़, भारत सरकारबाट प्राप्त अनुदान सहयोग ₹३,८६७ करोड़, कुल ऋण ₹२,७६५ करोड़, राज्यहरूलाई वित्तीय सहायता योजना अन्तर्गत पूँजीगत निवेशका लागि विशेष केन्द्रीय सहयोग ₹३,३१२ करोड़** तथा (-) **₹४९ करोड़**-को शुद्ध जन लेखा प्राप्ति मिलाएर कुल प्राप्ति **₹१८,४०७ करोड़** रहेको छ।

यस बजेटमा गरिएको विनियोजन सरकारका प्रमुख प्राथमिकताहरू सुशासन, पूर्वाधार विकास तथा सामाजिक कल्याणलाई सम्बोधन गर्ने उद्देश्यले तयार गरिएको हो। प्रस्तावित व्ययलाई निम्नानुसार वर्गीकरण गरिएको छ:

ऋण तथा अग्रिमको **₹८२६ करोड़** रकम बाहेक **राजस्व व्यय ₹११,७३३ करोड़** र **पूँजीगत व्यय ₹५,८९६ करोड़** रहने अनुमान गरिएको छ। **केन्द्र प्रायोजित योजना अन्तर्गत ₹२,४६० करोड़** विनियोजन गरिएको छ। यसले विभिन्न क्षेत्रको विकासलाई गति दिन केन्द्र सरकारबाट प्राप्त हुने सहयोगको प्रभावकारी उपयोगप्रति सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

यो बजेट केवल प्राप्ति-व्ययको विवरण मात्र नभएर सशक्त, उत्थानशील र समृद्ध सिक्किम निर्माणको मार्गचित्र पनि हो।यसले वित्तीय उत्तरदायित्व, समावेशी विकास, टिकाउ पर्यावरण तथा प्रत्येक नागरिकको कल्याणप्रति सरकारको अटल प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

सरकार युवाहरूका लागि अवसर सिर्जना गर्न, किसान तथा ग्रामीण समुदायको जीविकोपार्जनलाई सशक्त गर्न, मानक पूर्वाधार विकास गर्न, प्रभावकारी सार्वजनिक सेवा उपलब्ध गराउन तथा आर्थिक रूपमा समृद्ध र सामाजिक रूपमा समतामूलक भविष्य निर्माण गर्न निरन्तर प्रतिबद्ध रहेको छ। यसरी नै हामी शान्ति, सामाजिक सद्भाव तथा प्राकृतिक संरक्षणप्रति पनि उत्तिकै दृढ़ संकल्पित छौं, जुन हाम्रो राज्यका विशिष्टताहरू हुन्।

हाम्रो विवेकशील वित्तीय प्रबन्धन, भारत सरकारको निरन्तर सहयोग तथा सम्पूर्ण जनताको सामूहिक प्रयास स्वरूप दिगो विकासतर्फको आफ्नो यात्रालाई निरन्तर अघि बढाउँदै प्रगति, नवप्रवर्तन र सुशासनको नमूना राज्यका रूपमा सिक्किम स्थापित हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

यी प्रतिबद्धताहरू सितै, म वित्तीय वर्ष २०२६-२७ का लागि वार्षिक बजेटको वित्तीय विवरण, प्राप्तिको आकलन तथा अनुदान माग सम्बन्धी विस्तृत विवरणलाई यस गरिमामय सदनसमक्ष विचार, चर्चा तथा स्वीकृतिका लागि प्रस्तुत गर्दछु।

**धन्यवाद।**

**जय हिन्द!**

**जय सिक्किम!**

PRINTED AT SIKKIM GOVERNMENT PRESS